## जुवातासले गर्छ सर्वनाश

**जुवातासको लतले,**

- पारिवारिक कलह, झै-झगडा हुने गर्छ ।
- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ ।
- सम्पत्तिको नाश र परिवारको विचल्ली हुन सक्छ ।
- सामाजिक र आर्थिक सङ्कट उत्पन्न हुन्छ ।
- पारिवारिक विखण्डनको सम्भावना बढ्छ ।
- सन्ततिहरु समेत कुलतमा फस्ने सम्भावना हुन्छ ।
- सामाजिक प्रतिष्ठामा आँच आउँछ ।

***त्यसैले सम्पत्ति हारजित हुने जुवा लगायतका खेल नखेलौं, परिश्रममा विश्वास गरौं ।***

नेपाल सरकार
**विज्ञापन बोर्ड**



# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १७९ | काठमाडौं | मंगलबार, ०६ कात्तिक २०८१ | Prabhab National Daily | Tuesday, October 22, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सहकारी ठगी प्रकरण

# धनराज र ऋषिकेशलाई सरकारको संरक्षण



**ऋषिकेश पोखरेल**
सभापति, सार्वजनिक लेखा समिति



**धनराज गुरुङ**
कांग्रेस उपसभापति तथा प्रतिनिधिसभा सदस्य



एउटै प्रकृतिको मुद्दामा माननीय रवि लामिछाने पक्राउ पर्ने अनि शक्तिको आडमा अरु पार्टीका आरोपीचाहिँ संरक्षित हुनुपर्ने ? त्यो न्य(ायोचित हो ? माननीय धनराज गुरूङ र अर्का माननीय ऋषिकेश पोखरेललाई अनुसन्धानको दायरामा ल्याउनु पर्दैन ?

■ **लेखनाथ दाहाल**
**सांसद, माओवादी केन्द्र**

■ **जेबी योञ्जन**

**काठमाडौं–** गत ३ जेठमा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई कांग्रेस सांसदसमेत रहेका उपसभापति धनराज गुरुङले संसद् बैठकमै औंला उठाएको दृश्य भाइरल बन्यो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेविरुद्ध सहकारी ठगीमा छानबिन गर्न संसदीय छानबिन समिति गठनका लागि कांग्रेसले माग गर्दा ओली तयार नदेखिएपछि झोँक्किएका गुरुङले आक्रोशित हुँदै औंला उठाएका थिए ।

उनै गुरुङ यतिबेला भने सहकारी ठगीमा मुछिएका छन् । संसदीय छानबिन विशेष समितिले उनलाई ललितपुरको मितेरी बचत तथा ऋण सहकारी संस्थाको बचत अपचलनमा संलग्न रहेको ठहर गरिसकेको छ । समितिले उनलाई कारबाही सिफारिस नगरे पनि अनुसन्धान गर्न भनेको छ ।

तर, त्यही समितिले लामिछानेलाई प्रचलित कानुनअनुसार कारबाही गर्न सिफारिस गरेपछि पक्राउ परेर हाल कास्की प्रहरीको हिरासतमा छन् । आइतबार उनीविरुद्ध अनुसन्धानका लागि अदालतबाट छ दिन म्याद थप भएको छ ।

सरकारमा रहेको दल कांग्रेसका उपसभापति भएकै कारण गुरुङलाई सरकारले नै संरक्षण गरिरहेको प्रतिपक्षी दलहरूको आरोप छ । त्यही भएर उनी पक्राउ परेका छैनन् । यदि, संरक्षण नगरेको भए यसअघि नै पक्राउ परिसक्ने प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका सांसद लेखनाथ दाहाल बताउँछन् ।

'एउटै प्रकृतिको मुद्दामा रविजी पक्राउ पर्ने अनि शक्तिको आडमा अरू पार्टीका आरोपीचाहिँ संरक्षित हुनुपर्ने ? त्यो न्यायोचित हो ?

(क्रमशः पृष्ठ २ मा)

# अध्यादेशको त्रासमा साना दल


दुईदलीय तानाशाही लाद्न तथा अन्य दललाई विभाजन गर्ने उद्देश्य राखेर राजनीतिक दलसम्बन्धी अध्यादेश जारी गर्नेजस्ता कुनै पनि कार्य नगरियोस् ।

■ **प्रतिपक्षी दल**

०००

हाम्रो सभापतिले अहिले अध्यादेश ल्याउनु ठीक नहुने सुझाव दिनुभएको छ ।

■ **मीन विश्वकर्मा**
**प्रचार विभाग प्रमुख, नेपाली कांग्रेस**



**सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाउँदै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालगायत विपक्षी दलका नेताहरू ।**
*तस्बिरः रासस*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभामा माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादीका १० सांसद छन् । आकारको हिसाबमा एकीकृत समाजवादी छैटौं दल हो । यतिमात्र हैन, राष्ट्रियसभामा आठ सदस्य भएकोले पनि यो दल पाँचौं ठूलो राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)भन्दा केही शक्तिशाली देखिन्छ । २१ सिट भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सँगसँगै आफू शक्तिशाली भएको एकीकृत समाजवादीको दाबी छ ।

गत निर्वाचनमा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रसँग तालमेल गरी निर्वाचनमा गएकोले पनि एकीकृत समाजवादीले यो आकार पाएको हो । केपी शर्मा ओलीसँग मतभेद भएपछि तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बाट अलग्गिएर नेपाल र झलनाथ खनालले बनाएको दल हो यो । तर, पछिल्लो समय यो पार्टीका नेताहरू विस्तारै नेकपा एमालेतिरै फर्कन थालेका छन् । नेपालको हात समाएर चर्चामा आएसँगै मन्त्री बनेकी रामकुमारी झाँक्री एमालेमै फर्कने चर्चा छ भने प्रेम आलेले असन्तुष्टि जनाइरहेका छन् ।

उनै आलेको नेतृत्वमा पाँच सांसद फुटाएर लैजान मिल्नेगरी प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओलीले अध्यादेश ल्याउने तयारीसमेत गरेका छन् । तर, सत्ता गठबन्धनको प्रमुख दल नेपाली कांग्रेससँग कुरा नमिल्दा सोमबार साँझ बस्ने भनिएको नियमित मन्त्रिपरिषद् नै बस्न सकेन । आइतबार दल विभाजनसम्बन्धी अध्यादेश ल्याउनका लागि भन्दै ओलीले कांग्रेस सभापति शेरबहादुर देउवासँग बालुवाटारमा छलफल गरेका थिए । उक्त छलफलमा देउवाले तत्काल अध्यादेश ल्याउन नहुने सुझाव दिएको बताइएको छ । कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माका अनुसार ओलीले जसरी पनि अध्यादेश ल्याउन चाहेका छन् । 'तर हाम्रो सभापतिले अहिले अध्यादेश ल्याउनु ठीक नहुने सुझाव दिनुभयो,' विश्वकर्माले भने ।

### अध्यादेश नल्याउन विपक्षी दलको चेतावनी

प्रतिपक्षी दलहरूले साना दल फुटाउने गरी अध्यादेश नल्याउन चेतावनी दिएका छन् । सोमबार साँझ माओवादी अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा पाँच प्रतिपक्षी दलले बुझाएको ज्ञापनपत्रमा अध्यादेश नल्याउन भनिएको हो । 'राज्यसामू आएका जल्दाबल्दा समस्याहरूलाई सम्बोधन गर्न संसद्मा रहेका प्रतिपक्षी दलहरूसमेतको सल्लाह सहयोग लिई एकताको सन्देश प्रवाहित गर्नुको साटो सरकार टिकाउन दुईदलीय तानाशाही लाद्न तथा अन्य दलहरूलाई विभाजन गर्ने उद्देश्य राखेर राजनीतिक दलसम्बन्धी अध्यादेश जारी गर्नेजस्ता कुनै पनि कार्य नगरियोस्,' प्रधानमन्त्री ओलीलाई बुझाइएको विपक्षी दलको ज्ञापनपत्रमा भनिएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## एकीकृत समाजवादी फुटाउन अध्यादेश !

सरकारले ल्याउन लागेको विधेयक माधव नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी पार्टी फुटाउन केन्द्रित रहेको बताइएको छ । एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले एकीकृत समाजवादीका पाँच सांसदलाई आफ्नो पार्टीमा भित्र्याउन अध्यादेशको तयारी गरेको बताइन्छ ।

निर्वाचन आयोगका अधिकारीहरू भने अहिले दल फुटाउन अध्यादेशको आवश्यकता नै नपर्ने बताउँछन् । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल दल विभाजनसम्बन्धी ऐन शून्यतामा रहेको अवस्थामा गत वैशाखमा फुटेको थियो । ऐन शून्यताको अवस्थामा आयोगले ०७८ भदौ ४ गते राजपत्रमा प्रकाशित भएको नियमावलीलाई आधार मान्यो ।

आयोगले दल दर्ताको निवेदन दिएको २४ घण्टा नबित्दै दल दर्ताको प्रमाणपत्र थमाए पनि पार्टी विभाजनविरुद्ध सर्वोच्चमा दर्ता भएको रिट यथास्थितिमा छ । (क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# ओमानसँग श्रम सम्झौताको तयारी






■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले नेपालीहरूको श्रम गन्तव्य मुलुकहरूमध्येको एक ओमानसँग द्विपक्षीय श्रम सम्झौताको तयारी गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले २५ हजारको हाराहारीमा नेपाली श्रमिक कार्यरत रहेको ओमानसँग पहिलोपटक श्रम सम्झौताको तयारी गरेको हो ।

ओमानसँग गरिने श्रम सम्झौताका लागि सम्पूर्ण तयारी पूरा भएको मन्त्रालयले जनाएको छ । पटक-पटकको प्रयासपछि ओमानसँग श्रम सम्झौता गर्ने अन्तिम तयारी भइरहेको मन्त्रालयका सहायक प्रवक्ता तथा सूचना अधिकारी कविराज उप्रेतीले बताए । 'द्विपक्षीय श्रम सम्झौताका लागि उच्चस्तरीय छलफल भई प्रारम्भिक सहमतिसमेत भइसकेको छ,' उनले भने, 'सम्झौताका लागि ओमान सरकारलाई आवश्यक मस्यौदा पठाइएको छ, त्यहाँबाट कानुनी प्रक्रिया पूरा गरेर आएपछि द्विपक्षीय हस्ताक्षर हुन्छ ।'

नेपाल सरकारले पनि कानुनी प्रक्रिया बढाउने र ओमानले पनि मन्त्रिपरिषद्मा पठाउने तयारी गरिरहेको जानकारी पाएको उप्रेतीले बताए । उनका अनुसार द्विपक्षीयरूपमा सम्बन्धित मन्त्रालयबीच सहमति भइसके पनि कानुनीरूपमा टुंगो लाग्न बाँकी रहेकाले श्रम सम्झौताको मिति तोक्न सकिएको छैन । ओमानसँग हुने सम्झौता 'इम्प्लोयर पे मोडल'मा हुने र नेपालबाट जाने कामदारको लाग्ने खर्च रोजगारदाताले नै व्यहोर्ने श्रम मन्त्रालयले जनाएको छ । साथै, कामदारको हकहितका विषयमा आवश्यकताअनुसार दुवै देशको संयुक्त बैठक (ज्वाइन्ट कमिटी) बसेर थप छलफल गरिने विषय सम्झौताको मस्यौदामा समावेश गरिएको छ । त्यस्तै ओमानमा मृत्यु भएका नेपाली श्रमिकको शव जतिसक्दो चाँडो नेपाल पठाउने विषयसमेत मस्यौदामा राखिएको छ । कामदारले पाउने पारिश्रमिक भने बैंकिङ च्यानलमार्फत नै भुक्तानी गर्नुपर्ने विषय राखिएको छ । तर, कामदारको न्यूनतम पारिश्रमिक कति हुने भन्ने सम्बन्धमा पछि बस्ने संयुक्त बैठकले निर्णय गर्ने बताइएको छ ।

श्रममन्त्री शरतसिंह भण्डारीले पनि आफ्नो पहिलो १०० दिने कार्यकालको प्रगति विवरणमा पनि ओमानसँगको श्रम सम्झौता अन्तिम चरणमा पुगेको उल्लेख गरेका छन् । त्यसैगरी दक्षिण कोरियाको (इपिएस) र मलेसियासँगका द्विपक्षीय श्रम सम्झौताको नवीकरण गर्ने तयारी भइरहेको मन्त्री भण्डारीले उल्लेख गरेका छन् । नेपालले कतारसँगसमेत श्रम सम्झौता नवीकरणको प्रक्रियालाई अगाडि बढाउन ताकेता गरिरहेको बताइएको छ । सरकारले नयाँ गन्तव्य खोज्ने र सुरक्षित रोजगारीका लागि भन्दै ओमानसँगै पोर्चुगल, टर्की, लेबनान, कुवेत, कतार, स्पेन, ब्रुनाइ, पोल्याण्डलगायतका मुलुकसँग पनि श्रम सम्झौताको गृहकार्य गरिरहेको सहायक प्रवक्ता उप्रेतीले बताए ।

## साउदीमा थप ४२ जनालाई 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ४२ जना नेपाली श्रमिकले बहिर्गमन 'एक्जिट' भिसा पाएका छन् । साउदीस्थित नेपाली दूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले. हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो ।

पछिल्लो एक महिनामा १५० जनाभन्दा बढी नेपालीले साउदीमा एक्जिट भिसा पाएको दूतावासले सार्वजनिक गरेको तथ्यांकले देखाएको छ । एक्जिट भिसा दिन थालेयता चार हजार ६०० भन्दा बढी नेपाली स्वदेश फर्किइसकेको दूतावासले जनाएको छ । गैरकानुनीरूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीतिअनुरूप साउदी अध्यागमनले विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ ।

एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरुब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने दूतावासले प्रस्ट पारेको छ । साथै भिसा दिने सम्पूर्ण अधिकार साउदी अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ ।


## जनहितमा जारी सन्देश




प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमश:

पृष्ठ १ बाट क्रमश:

### अध्यादेशको त्रासमा...

ज्ञापनपत्रमा माओवादी अध्यक्ष दाहाल, एकीकृत समाजवादीका अध्यक्ष नेपाल, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, रास्वपा उपसभापति डोलप्रसाद अर्याल र आम आदमी पार्टीका प्रभु साहको हस्ताक्षर रहेको छ । त्यसअघि एकीकृत समाजवादीका अध्यक्ष नेपालले अरू पार्टी सिध्याउने अध्यादेश मान्य नहुने बताएका थिए । 'देशलाई विकास कसरी गर्ने त्यसमा छलफल गर्नूस्, हामी पनि छलफल गर्न तयार छौं तर अरू पार्टी सिध्याउने अध्यादेश मान्य हुँदैन,' कपिलवस्तुमा लुम्बिनी प्रदेशस्तरीय भेलालाई सोमबार सम्बोधन गर्दै नेपालले भनेका थिए । उनले पार्टी कुनै दलसँग मिल्न खोजेको हो कि भन्ने हल्लाको पछि नलाग्नसमेत आग्रह गरेका थिए । 'हाम्रो पार्टी एमाले वा माओवादी कसैसँग विलीन हुँदैन, विलीन हुन लागेको चर्चा गलत हो, बेकारको हल्ला हो,' नेपालले भनेका थिए, 'हामी आफ्नो अस्तित्वमा चलिरहेका छौं, कागले कान लग्यो भनेर नदौडिनुस् कान छाम्नूस् ।'

■■■

### एकीकृत समाजवादी...

उक्त रिटमाथि कुनै आदेश नआइसकेका कारण यही नजिरले अहिले अध्यादेश आवश्यक नभएको आयोगका पदाधिकारी बताउँछन् । तर एकीकृत समाजवादी ०८३ भदौसम्म विभाजन गर्न कानुनले रोक्छ । राजनीतिक दलसम्बन्धी ऐनको दफा ३३ को उपदफा ३ मा विभाजित दल पाँच वर्षसम्म फुट्न नपाइने प्रावधान छ । 'उपदफा (२) बमोजिम गठन भएको दल आयोगबाट मान्यता प्राप्त गरेको मितिबाट पाँच वर्षसम्म त्यस्तो दलबाट छुट्टिइ अर्को दल हुनसक्ने छैन,' उक्त प्रावधानमा भनिएको छ । सोही कारण दल विभाजनका लागि पटक-पटक भएको प्रयास रोकिएको हो ।

यही पाँच वर्षे प्रावधान हटाउन अध्यादेश ल्याउन कांग्रेस-एमालेको गठबन्धन सरकारले प्रयास गरेको हुनसक्ने आयोगका अधिकारी बताउँछन् ।

■■■

### धनराज र ऋषिकेशलाई...

माननीय धनराज र अर्का माननीय ऋषिकेश पोखरेललाई अनुसन्धानको दायरामा ल्याउनु पर्दैन ?,' उनले प्रभावसँग भने ।

हुन पनि सर्वसाधारण निक्षेपकर्ताले विभिन्न सहकारी संस्थामा जम्मा गरेको रकम अपचलन गरेको प्रकरणमा लामिछानेलाई पक्राउ गरेको सरकारले यस्तै आरोपमा सत्तारुढ दलका सांसदहरूलाई पक्राउ नगरी अनुसन्धान गर्न आलटाल गरिरहेको दृष्टान्त छ । सार्वजनिकवृत्तमा यसको विरोध भइरहेको छ ।

विरोधकाबीच गुरुङ र एमाले नेता एवं संसद्को सार्वजनिक लेखा समितिका सभापति पोखरेल जोडिएको सहकारीको बचत अपचलन प्रकरणमा अनुसन्धान भएको देखिँदैन । यसलाई धेरैले सरकारको पक्षपाती व्यवहार भनेका छन् । आफ्ना सभापतिविरुद्ध न्यायिक परीक्षण अवरुद्ध पार्ने प्रयास गरिरहेको रास्वपाले नै यसलाई नयाँ दलप्रति पुराना र ठूला दलको प्रतिशोध, मनपरि, दण्डहीनताको प्रतिनिधि घटना र सत्ताको दुरूपयोग भनेर प्रचार गरिरहेको छ ।

आफ्नी श्रीमती सञ्चालक रहेको ललितपुरस्थित मितेरी सहकारीको झण्डै १५ करोड रूपैयाँ बचत अपचलनमा गुरुङको संलग्नता रहेको दाबीसहित बागमती प्रदेश सरकार र सहकारी दुवैतिरबाट प्रहरीमा जाहेरी परेको छ । उनकी श्रीमती ज्योती प्रबन्धक भएको समयमा २०७५ सालमा मितेरी सहकारीले आन्तरिक छानबिन गर्दा १२ करोड ५० लाख रूपैयाँ अपचलन भएको खुलेको थियो । त्यसको एक वर्ष अर्थात् २०७६ सालदेखि ज्योती फरार भइन् ।

गुरुङले श्रीमती ज्योतीसँग डिभोर्स (कागजी सम्बन्धविच्छेद) गरेको पनि पुष्टि भएको छ । २९ फागुन २०७६ मै ज्योतीसँग डिभोर्स भएको दाबी गरे पनि २०७७ सालमा थप कर्जा लिँदा धनराजले हकवालामा ज्योतीलाई श्रीमतीकै हैसियतमा राखेर औंठाछाप लगाएको कागज सार्वजनिक भइसकेको छ । संसदीय छानबिन समिति र सहकारीको उजुरीका आधारमा उनीमाथि अनुसन्धान हुनुपर्नेमा सत्ताको आडमा उन्मुक्ति दिने प्रयास भइरहेको आशंका छ । यहीबेला रास्वपाका नेता कार्यकर्ताहरूले प्लेकार्डमा धनराजमाथि अनुसन्धान किन भएन ? भनी प्रश्न गरिरहेका छन् ।

भन्नलाई धनराज र कांग्रेस पार्टीले नै अनुसन्धानमा सघाउने बताइरहेका छन् तर अहिलेसम्म परिणाम नदेखिएकाले भित्रभित्र अनुसन्धान रोक्न प्रहरीलाई दबाब दिएको आशंका गर्न थालिएको छ ।

सहकारी ठगी प्रकरणका अर्का आरोपी एमाले सांसद पोखरेल पनि श्रीमती अञ्जला कोइरालासँगै अनुसन्धानको दायरामा आउनुपर्ने हो । यद्यपि, उनीमाथि अनुसन्धान गर्नुको साटो उन्मुक्ति दिने प्रयास भइरहेको पीडितहरूले बताएका छन् । बैंकको कालो सूचीमा रहेकी अञ्जला सञ्चालक रहेको मोरङको उमागौरी कृषि सहकारीको १४ करोड ५६ लाख रूपैयाँ हिनामिना भएको छ ।

अञ्जलासहित सहकारी ठगीमा संलग्नहरूको नाम किटेर प्रदेश सहकारी रजिस्ट्रार कार्यालयमा पीडितहरूले डेढ वर्षअघि नै उजुरी दिए पनि प्रहरीसम्म पुग्दा अञ्जलाको नाम हटाइएको थियो । उक्त सहकारी पोखरेलकै अग्रसरतामा २०६८ सालमा स्थापना भएको थियो । उनकी श्रीमती अञ्जला सञ्चालक सदस्य रहेको अवधिसमेत गरेर सहकारीका १० वर्षका कागजातहरू गायब पारिएको छ ।

झण्डै दुई वर्षदेखि बन्द सहकारीका पीडितहरू न्यायको पर्खाइमा छन् । तर, उजुरी दिएको डेढ वर्ष नाघिसक्दा पनि आरोपीहरूविरुद्ध अनुसन्धान नहुँदा पीडितहरू निराश बनेका छन् ।

कतिसम्म भने, संसदीय विशेष समितिले नेपालभरिका ४० वटा सहकारी संस्थाको बचत अपचलनमा प्रत्यक्ष र अप्रत्यक्ष जोडिएका व्यक्तिहरूलाई कारबाहीको सिफारिस गर्दा त्यसमा उमागौरी सहकारी प्रकरण अटाएन ।

समितिले धनराज सहकारी ठगीमा प्रत्यक्ष संलग्न नदेखिए पनि श्रीमतीसँग मिलेमतो हुन सक्ने आशंकामा उनीमाथि अनुसन्धान गर्न सिफारिस गरेको थियो । श्रीमतीलाई अघि सारेर धनराज पनि ठगीमा संलग्न भएको उजुरी परेको छ । एमाले सांसद ऋषिकेशको मुद्दा पनि त्यस्तै हो ।

तर, यसप्रति संसदीय छानबिन विशेष समिति मौन रह्यो । जबकि, उमागौरी सहकारीको लफडा डेढ वर्षदेखि चलिरहेको थियो, पीडितहरू न्यायको याचना गरिरहेका थिए । पोखरेल र उनकी श्रीमतीमाथि सत्ताबलकै आडमा अनुसन्धान हुन नसकेको पीडितहरूको आशंका छ । तर, समितिका सदस्यहरू छानबिनका लागि कार्यादेशमा उल्लिखित २९ सहकारीमा उमागौरी र मितेरी उल्लेख नभएको बताउँछन् ।

# शून्य कार्बन स्कुलको अवधारणा कार्यान्वयन

**काठमाडौं (प्रस)**– विद्यालय तहका विद्यार्थीलाई लक्षित गरी जापानको शिक्षा मन्त्रालय र नागोया सांग्यो विश्वविद्यालयद्वारा जलवायु परिवर्तनको सामना गर्न वातावरणीय साक्षरतालाई बढावा दिने र मूल्यांकन गर्ने शैक्षिक कार्यक्रम सञ्चालन गरिएको छ ।

जापानको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (एडिपोर्ट जापान) अन्तर्गत नागोया साङग्यो विश्विविद्यालय र पोखरास्थित पश्चिमाञ्चल विद्यालयबीच वायुमण्डलमा फैलिएको कार्बनडाइअक्साइडको अवस्था र वातावरणसम्बन्धी साक्षरता फैलाउने कार्यक्रमको समझदारीपत्रमा सम्झौता भएको छ ।

नेपालमा पहिलोपटक सञ्चालन भएको यो कार्यक्रम ताइवान, भियतनाम, इन्डोनेसिया र जापानका विभिन्न विद्यालयमा पनि कार्यान्वयनमा रहेको छ । यस कार्यक्रमले विद्यार्थीलाई वातावरणसम्बन्धी ज्ञानका साथै विश्वव्यापी रूपमा मुख्य चुनौतीको रूपमा रहेको जलवायु परिवर्तनका कारण सिर्जित असर, कार्बनडाइअक्साइडमा भएको वृद्धिलगायतका विषयमा प्रयोगात्मक तरिकाबाट बुझाउन मद्दत गराउँछ । साथै, विद्यार्थीमा परिवर्तनका असर सामना गर्न र वातावरणीय साक्षरतालाई अभिवृद्धि गर्न सहयोग पुग्ने बताइएको छ ।

गण्डकी, बागमती र लुम्बिनी प्रदेशका पाँच जिल्ला कास्की, रूपन्देही, भक्तपुर, ललितपुर र बर्दियामा सञ्चालन गरिएको छ । गण्डकी प्रदेशमा पश्चिमाञ्चल माध्यमिक विद्यालय, अमरसिंह मावि, गण्डकी बोर्डिङ स्कुल, बागमतीमा एसओएस हेर्मन माइनर माध्यामिक विद्यालय सानोठिमी, युनाइटेड एकेडमी र लुम्बिनीमा शंकरनगर दुर्गादत्त माध्यामिक विद्यालय र जनता माध्यमिक विद्यालयमा यो कार्यक्रम लागू भएको छ ।

सम्झौता हस्ताक्षरपछि पश्चिमाञ्चल विद्यालयका प्राचार्य सरोज कोइरालाले नेपालमै पहिलोपटक जापान सरकारको प्रत्यक्ष सहभागितामा भएको कार्यक्रममा आफ्नो विद्यालयले सहभागी हुन पाउँदा खुसी लागेको र यसले विद्यार्थीको वातावररणप्रतिको सचेतना अझ बढ्ने मद्दत पुग्ने बताए । प्रयोगात्मक विधिबाट गरिने अध्ययनबाट विद्यार्थीले रुख, बिरुवा भएको ठाउँ, घना बस्तीबीचको कार्बनडाइअक्साइडको मात्रामा रहेको फरकबारे जानकारी पाउने उनको भनाइ छ ।


## साउदीमा रोजगार

कम्पनी : GULF REKAZ EST for Maintainance and Cleaning

पूर्व स्वीकृति मिति : २०८०/०६/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०५ LT. No. 293002 चलानी नं. ६०२०८१५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel Housekeeping | 6 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १३ गते (29th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np

श्रम ईजाजत नं. ३८४/०५९/०६०



## जापानमा रोजगार

कम्पनी : Kuroshio Business Cooperative Association

पूर्व स्वीकृति मिति : २०८१/०७/०५ LT. No. 312542 चलानी नं. ६०२२६९१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction | 3 | 0 | 160000 | १४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १३ गते (29th Oct. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Google Overseas Pvt.Ltd**
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com

श्रम ईजाजत नं. ६३१/०६३/०६४



## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०७/०६ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

### महाराजगंज, काठमाण्डौ शाखा

#### १. ऋणीको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०८/०४ मा दर्ता नं. २०२६६२/०७५/०७६ र स्थायी लेखा नं. ६०६५४५७३८ कायम भई दर्ता रहेको काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा., वडा नं. २४ स्थित कार्यालय रहेको **नेप्जवेयर इन्टरप्राइजेज प्रा.लि. ।**
**सञ्चालक - वीणा कुमारी अर्याल**

#### सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **वीणा कुमारी अर्याल**
ना.प्र.नं.- १७४८
जारी मिति - २०५६/०४/२३, जि.प्र.का. काठमाण्डौ
बाबु - हरि प्रसाद अर्याल
बाजे - षडानन्द अर्याल
स्थायी ठेगाना- काठमाण्डौं जिल्ला, बुढानिलकण्ठ न.पा., वडा नं. ०६

२. **माधव प्रसाद अर्याल**
ना.प्र.नं.- १६२९
जारी मिति - २०५१/०९/२४, जि.प्र.का. रौतहट
बाबु - हरि प्रसाद अर्याल
बाजे - षडानन्द अर्याल
स्थायी ठेगाना- रौतहट जिल्ला जुडिवेला गा.वि.स., वडा नं. ०९
हालको ठेगाना- मकवानपुर जिल्ला हेटौडा न.पा., वडा नं. ०५

३. **कृतिष ढुंगेल**
ना.प्र.नं.- २७-०१-७४-१३४२४
जारी मिति - २०७४/१०/०५, जि.प्र.का. काठमाण्डौ
बाबु - चन्द्र ढुंगेल
बाजे - पुष्पलाल ढुंगेल
स्थायी ठेगाना- काठमाण्डौं जिल्ला बुढानिलकण्ठ न.पा., वडा नं. ०५
हालको ठेगाना- बुढानिलकण्ठ न.पा., वडा नं. ०६

४. **प्रकाश श्रेष्ठ**
ना.प्र.नं.- २७३७५
जारी मिति - २०५१/०३/२४, जि.प्र.का. बर्दिया
बाबु - धुवलाल श्रेष्ठ
बाजे - जुद्धलाल श्रेष्ठ
स्थायी ठेगाना- बर्दिया जिल्ला गुलरिया न.पा., वडा नं. ०३
हालको ठेगाना - बुढानिलकण्ठ न.पा., वडा नं. ०६

#### धितो सुरक्षणको विवरण

१. **वीणा कुमारी अर्याल**को नाममा मालपोत कार्यालय, चावहिल काठमाण्डौंमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, विष्णु बुढानिलकण्ठ गा.वि.स/न.पा. वडा नं. ९/क स्थित कित्ता नं. ४४५ को क्षेत्रफल ०-२-२-० (रोपनी) जग्गा र सो जग्गामा बनेको घर समेत तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

#### २. ऋणीको विवरण

१. **प्रदिप कुमार ढुङ्गाना**
ना.प्र.नं.- ४५६८/४६३८२,
जारी मिति -२२०४८/०८/१९,
जि.प्र.का. काठमाण्डौं
बाबु - हरि प्रसाद ढुङ्गाना
बाजे- बलभद्र ढुङ्गाना
स्थायी ठेगाना- काठमाण्डौं जिल्ला, गोठाटार गा.वि.स. वडा नं. ०९,
हालको ठेगाना- काठमाण्डौं जिलला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ०९

#### धितो सुरक्षणको विवरण

१. **प्रदिप कुमार ढुङ्गाना**को नाममा मालपोत कार्यालय, काठमाण्डौंमा दर्ता कायम रहेको काठमाण्डौं जिल्ला, गोठाटार गा.वि.स वडा नं. ०८ स्थित कित्ता नं. २९० को क्षेत्रफल ११९.२४ (ब.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

#### व्यक्तिगत जमानीकर्ताको विवरण

१. **सुनीता ढुङ्गाना**
ना.प्र.नं.- २६०५३
जारी मिति -२०६२/०८/२२
जि.प्र.का. काठमाण्डौं
बाबु - केल प्रसाद दंगाल
ससुरा- हरि प्रसाद ढुङ्गाना
स्थायी ठेगाना- काठमाण्डौं जिल्ला, गोठाटार गा.वि.स. वडा नं. ०९,
हालको ठेगाना- काठमाण्डौं जिलला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ०९

### खैरेनी, रूपन्देही शाखा

#### १. ऋणीहरुको विवरण

क. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीमा मिति २०७४/०४/०५ मा प्रा.फ.र.नं. २४४५/१०१४३ कायम भई दर्ता रहेको नवलपरासी जिल्ला, सुनवल नगरपालिका. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहेको **आर पि सप्लायर्स ।**
**प्रोप्राइटर : राजन पौडेल क्षेत्री**

ख. प्राइभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम, नेपाल सरकार, प्रदेश सरकार, उद्योग, पयटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीमा मिति २०७८/०४/१७ मा प्रा.फ.दर्ता ७६/०७८/०७९ कायम भई दर्ता रहेको नवलपरासी जिल्ला, सुनवल न.पा वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **के आर कृषि फर्म**
**प्रोप्राइटर कर्णीकला पौडेल क्षेत्री**

#### व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **राजन पौडेल क्षेत्री**
ना.प्र.नं.- ५१६७३
जारी मिति - २०५६/०७/०९, जि.प्र.का. नवलपरासी
बाबु - राम बहादुर पौडेल क्षेत्री
बाजे - केयर सिह पौडेल क्षेत्री
पत्नी: कर्णीकला पौडेल
स्थायी ठेगाना- नवलपरासी जिल्ला सुनवल गा.वि.स., वडा नं.०७
हालको ठेगाना- नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं. ०७

२. **कर्णीकला पौडेल**
ना.प्र.नं.- ८०४१५
जारी मिति - २०६२/०२/२९, जि.प्र.का. नवलपरासी
बाबु - घनराज थापा
ससुरा - राम बहादुर पौडेल क्षेत्री
पति: राजन पौडेल क्षेत्री
स्थायी ठेगाना- नवलपरासी जिल्ला सुनवल गा.वि.स., वडा नं.०७
हालको ठेगाना- नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं.०७

#### धितो सुरक्षणको विवरण

१. **राजन पौडेल क्षेत्री**को नाममा मालपोत कार्यालय, परासी नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सुनवल गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ३४७ र ५८१ को क्षे.फ. ४९१८.७४ र ११८.५४ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

२. ऋणी **आर पि सप्लायर्स र के आर कृषि फर्म**को सम्पूर्ण चल अचल श्री सम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी गरिदिएको धितोसुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

#### २. ऋणीको विवरण

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७२/०६/२० मा दर्ता नं.१४०९२७/०७२/०७३ कायम भई दर्ता रहेको काठमाण्डौं जिल्ला, कपन गा.वि.स. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **विराना कन्स्ट्रक्सन् प्रा.लि. ।**
**सञ्चालक : विक्रम राना**

#### व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **विक्रम राना**
ना.प्र.नं.- ३६१०३८/७८८
जारी मिति - २०६५/०६/०३, जि.प्र.का. नवलपरासी
बाबु - पहल सिंह राना
बाजे - पहल सिंह राना
स्थायी ठेगाना- नवलपरासी जिल्ला सुनवल गा.वि.स., वडा नं.०७
हालको ठेगाना- नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं. ०७

२. **उमा कुमारी कार्की**
ना.प्र.नं.- १२५१
जारी मिति - २०४१/१२/०६, जि.प्र.का. पर्वत
बाबु - महविर काकी
ससुरा : पहल सिंह राना
पति - टेक बहादुर राना
स्थायी ठेगाना- पर्वत जिल्ला, सरैखोला गा.वि.स., वडा नं. ०४
हालको ठेगाना- नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं. ०७

३. **टेक बहादुर राना**
ना.प्र.नं.- ५६४४
जारी मिति - २०४३/०७/०६, जि.प्र.का. नवलपरासी
बाबु - टेक बहादुर राना
बाजे - बलबिर राना
श्रीमती : उमा कुमारी कार्की
स्थायी ठेगाना- नवलपरासी जिल्ला सुनवल गा.वि.स., वडा नं.०७
हालको ठेगाना- नवलपरासी जिल्ला, सुनवल न.पा., वडा नं.०७

#### धितो सुरक्षणको विवरण

१. **टेक बहादुर राना**को नाममा मालपोत कार्यालय, नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सुनवल गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ६५ र २५४ को क्षे.फ. क्रमश: १,३५४.३३ र २,२००.७९ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

२. ऋणी **विराना कन्स्ट्रक्सन् प्रा.लि.** को सम्पूर्ण चल अचल श्री सम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी गरिदिएको धितोसुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

#### ३. ऋणीको विवरण

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा, रुपन्देहीमा मिति २०७७/१०/०६ मा प्रा.फ.र.नं. ४९५१९/०७७/७८ कायम भई दर्ता रहेको रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहेको **छाहारी मोटर बाईक सोलुसन ।**

#### प्रोप्राइटरको विवरण

**सीतादेवी वि.के.**
ना.प्र.नं.- ३७२००३/६८६
जारी मिति - २०६३/१२/०२,, जि.प्र.का. रुपन्देही
बाबु - वृष बहादुर वि.के.
ससुरा - खडक बहादुर वि.के.
पति : विनोद कुमार वि.के.
स्थायी ठेगाना - रुपन्देही जिल्ला, देवदह गा.वि.स., वडा नं. ४
हालको ठेगाना - रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं. ७

#### व्यक्तिगत जमानीकर्ताको विवरण

१. **विनोद कुमार वि.के.**
ना.प्र.नं.- ८६९५
जारी मिति - २०५६/०९/२१, जि.प्र.का. रुपन्देही
बाबु - खडक बहादुर वि.के.
बाजे - सन्त बहादुर वि.के.
पत्नी : सीतादेवी वि.के.
स्थायी ठेगाना-रुपन्देही जिल्ला, देवदह गा.वि.स., वडा नं. ४
हालको ठेगाना- रुपन्देही जिल्ला, देवदह न.पा., वडा नं. ७

#### धितो सुरक्षणको विवरण

१. **सीतादेवी वि.के.**को नाममा मालपोत कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, केरवानी गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. २९२० को क्षे.फ. ०-०-१०-० (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

२. ऋणी **छाहारी मोटरबाईक सोलुसन**को सम्पूर्ण चल अचल श्री सम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी गरिदिएको धितोसुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### जालझेलको राजनीति बन्द गर

राजनीतिक दलको प्रमुख विश्वास आधार हो, जनता । यसैका लागि तोकिएको समयमा जनताबाट मत लिने गरिन्छ । सोही मतका आधारमा सरकारको नेतृत्व गर्न पाउने वा प्रतिपक्षमा बस्ने निर्धारण हुन्छ । जनपक्षीय काम गर्ने दल जनताबाट पुरस्कृत हुन्छन् नगरे दण्डित ।

तर बेलाबेला जनताले बलिया बनाएका दलहरू जनमत छल्नतिर लाग्छन् । जननिर्वाचित संसद् भएकै बेला नियमित सदन नभएको मौका छोपी सरकार हाँकिरहेका दलहरू अध्यादेश ल्याउन पछि पर्दैनन् । आफ्नो स्वार्थका लागि जुनसुकै दल अध्यादेश नामक हतियार चलाउँछन् । तत्कालीन राजा ज्ञानेन्द्र शाहकालमा होस् या अहिलेका प्रमुख सत्ताघटक नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाकालमा । मुलुकले पटक–पटक अध्यादेशको सामना गरिसकेको छ । २०४७ सालयता २७१ पटक विभिन्न खाले अध्यादेश आइसकेका छन् । संसद्बाट पार नलाग्ने देखेपछि सत्तारुढ दलले बजेटसमेत अध्यादेशबाट ल्याएका घटना पनि छन् ।

अहिले सरकारमा सबैभन्दा ठूला दुई दल नेपाली कांग्रेस र नेकपा एमालेको साझेदारी छ । यो सरकारलाई झण्डै दुईतिहाइको मत छ । तर यस्तो बलियो सरकार कमजोर प्रतिपक्षीलाई अध्यादेशको डर देखाएर तर्साउन उद्धत देखिन्छ । प्रधानमन्त्री केपी शर्मा ओली पटक–पटक अध्यादेश ल्याएर प्रतिनिधिसभा नै भंग गरिदिने पात्र हुन् । उही विवादित पात्रलाई न्यायपालिकाले मात्र मेलोमा ल्याउन सकेको थियो कुनै बेला ।

उनै ओलीको हातमा अहिले शासनसत्ता छ । यही बेला ओलीले आफ्नो पार्टी चोइटाएको झोँक फेर्ने नियत बनाएर अध्यादेश ल्याउने तयारी गरेको बुझिएको छ । माधवकुमार नेपाल कुनै बेला नेकपा एमालेका कमान्डर थिए । उनैले पार्टी फुटाउँदा एमालेलाई नोक्सानी पुगेको छ । यो क्षतिपूर्ति लिन ओलीले अध्यादेशको बाटो रोज्न लागेका हुन् । प्रजातन्त्र र संसदीय व्यवस्थामा संसद् प्रतिपक्षको हुन्छ भनिन्छ । तर, सत्तापक्षले प्रतिपक्षीलाई नियमित सदन नभएको बेला यसरी हायलकायल बनाउन खोज्नु सन्देहपूर्ण छ ।

प्रजातान्त्रिक शासन व्यवस्थामा यस्तो जालझेल अस्वीकार्य छ । आफू बलियो भएको मौका छोपी कमजोरमाथि मैमत्ता लाद्नु अशोभनीय छ । जनमतको कदर गर्नु नै प्रजातन्त्रको सुन्दर पक्ष हो । आफ्नो कुर्सी ढल्ने डरमा साना दलमाथि घन हान्नु सरासर निरंकुशतावादी कदम हो । कुनै दल अध्यादेशबाट फुटाइरहनु आवश्यक छैन । यो व्यवस्थामा चुनावमै दलहरू जाँचिन्छन् । अध्यादेश ल्याएर कानुनी राज उल्लंघन गर्ने दलहरूले पनि सोचुन् कि– जाँचिने ठाउँ चुनाव नै हो ।

## मनन्योग्य

### चाणक्य नीति

केही समयपछि आगामा मासु जलेको दुर्गन्ध आउन थाल्यो । मनुष्यमांस जल्नाले सबै उत्सुक भई यताउति हेर्थे तर त्यहाँ केही पनि देखिएन ।

अन्तमा चाणक्यले बताए तलको तहखानामा जसको हा( मीलाई थाहा थिएन राक्षसका सैनिक लुकेका थिए । रातमा हमला गर्ने उनीहरूको योजना थियो ।

चन्द्रगुप्तलाई वास्ती( वकताको ज्ञान भएपछि अत्य( न्त ग्लानि भयो। तर, चाणक्यले सबै जान्दछन् जस्तो भई भने- 'राजाले हरपरिस्थितिमा शान्त रहनुपर्छ। यदि राजाले आफ्नो विवेक हराउँछ भने त्यसबेला उसले आफ्नो र राज्यको हानि (क्षति) गराउछ ।

सीमापारिको सूचना गुप्तचरबाट थाहा पाएर चाण( क्य विचलित भावले राज( महलको सभाभवनमा यताउति घुमिरहेका थिए । चन्द्रगुप्त सैनिक मानचित्रको अध्ययन गरिरहेका थिए । यस्तैमा एउटा प्रहरी प्रवेश गर्दै कुनै गुप्तचर आएको खबर दियो । गुप्तचर आई चन्द्रगुप्त र चाणक्यल( ाई सैनिकका ढंगबाट अभि( वादन गर्दै सिन्धु नदीपारि सेल्युकस ठूलो सैन्य लिई आइपुग्यो, यसपटक उसँग इरान र अरबका राजा पनि छन्, सुनिन्छ तक्षशिलाका हा( मीद्वारा नियुक्त राजाले पनि उसको स्वाधीनता स्वीकार गरे अरे भन्ने खबर पनि सुनियो । यो सुन्दा चाणक्यका आँखा रिसले राताराता भए, क्रोधले रातो भएको उनको मुख देखी चन्द्रगुप्त पनि डराए । चाणक्यले चन्द्रगुप्त( पट्टि फर्की भने-'तिमीबाट पराजित भएको सेल्युकसले आफ्नो अपमान बिर्सिएको छैन । ऊ चोट लागेको सर्पजस्तै भइरहेछ । तिमी एक ठूलो सेना लिई झेलम( पारि नै उसलाई रोक । साथै रिसने बडबडाई मुखबाट शब्द निस्कदै थियो, आकाशबाट चाहेजति नै पानी किन नपरोस् पृथ्वीले सबै पिउछिन् चाहे जत्रो ने तुफान किन नआओस् त्यसले क्या हल्लाउन पनि सक्तैन ।' क्रमश :

# चार सभ्यताको केन्द्र : नक्साल



■ पदम श्रेष्ठ

> चैत कृष्णप्रतिपदाका दिन हुने टुँडालदेवीको गहना खोज्ने जात्रा ने.सं. ८०५ का राजा शिवसिंह मल्लले सुरु गराएको भनाइ छ । जात्राका लागि पोखरीमा पानी भर्न बूढानीलकण्ठदेखि राजकुलो ल्याइन्थ्यो लिच्छविकालमा । हाल बोरिङको पानी भरेर गहना खोज्ने जात्रा गरिन्छ । गहना पोखरी नजिकै कोटालटोलमा गरुड चढेकी छ शिर, छ मुख, छ हात भएकी भगवतीको दुईतले मन्दिर छ, षडामुखा भगवतीको । मन्दिर १८औं शताब्दीका भूपतीन्द्र मल्लकालीन रहेको नेपाल सम्पदा संघले उल्लेख गरेको छ ।

हाडीगाउँ, लिच्छविकालीन राज्य शंकश्यनगरी विशालनगरको सभ्यता मानिए पनि चार ऐतिहासिक बस्तीको केन्द्र हो, नक्साल । जसमा १) नक्साल, २) हाडीगाउँ र मालिगाउँ, ३) सखोना तथा ४) थँवहिल (ठमेल) हुन् । नरद भनिने हाडीगाउँ सांस्कृतिक बस्ती र नक्सालचाहिँ कूटनीतिक केन्द्र मानिन्छ । त्यसैले नक्साललाई प्यङगथाँ अर्थात् चार ढुंगे भनिएको हो ।

### १) नक्साल भगवती र नवसागरस्थल

शंकश्यनगरीका अष्टमातृका पीठमध्ये एक हो, नक्साल भगवती । भनिन्छ- लिच्छवीकालमा पलाञ्चोक भगवतीको मूर्ति बनाउने कलाकारको दायाँ हात काटिएपछि यो मूर्ति बायाँ हातले निर्माण गरिएको हो । एक समय नदी र मसानसमेतको यो मन्दिर नेपाल सम्पदा संघका अनुसार ने.सं. ८०१ मा जीर्णोद्वार भएको हो ।

तीनतले प्यागोडा शैलीको धातु छाने मन्दिर छेउ पुरातात्त्विक सानो चैत्य, महादेव, गणेशका मूर्तिहरू र भजनगृह छन् । यहाँ विजयादशमी, सिथीनखःमा राँगा, हाँस, कुखुरा बलि दिई पुजिन्छ । दसैंमा राष्ट्रप्रमुखबाट दर्शन हुने शक्तिपीठमध्ये भगवती मन्दिरको भित्तामा मसानको प्रतीक चित्र कोरिएका थिए ।

### शंकरकीर्ति महाविहार (नक्साल वही)

एक समय मातृसत्तात्मक सत्ताका पक्षधर अमर बाँडा र विरोधी शंकराचार्यबीच ठूलो विवाद भएछ । विवादको कारण शंकराचार्यलाई काठमाडौं र ललितपुरमा बाससमेत दिइएन रहेछ । तर, भक्तपुरे राजाले साथ दिएपछि यी दुईका बीच शास्त्रार्थ हुन पुगेछ । भनिन्छ, शास्त्रार्थ यही नक्सालस्थित बुद्ध विहारमा भएको थियो । चलनानुसार कालोपर्दाले छेकी भएको शास्त्रार्थमा अमर बाँडाले नीलसरस्वतीको अदृश्य साथ लिएका थिए रे । शास्त्रार्थमा शंकराचार्य हारेपछि हिंसामा उत्रिएका थिए रे । भनिन्छ, शंकराचार्यले अमर बाँडाको आस्था बौद्धमूर्ति भत्काई ध्वस्त नकवहिल (नक्साल विहार) को नाउँ शंकरकीर्ति राखियो ।

### नन्दीकेशर बहाल

नन्दी साँढेलाई केन्द्रित गरी मल्लकालमा निर्मित नन्दीकेशर महादेवस्थल राणाकालमा व्यवस्थापन भएको हो । चार रोपनीमा फैलिएको नन्दीकेशर महादेव हालै तीनतले प्यागोडा शैलीमा पुनर्निर्माण भएको छ । देवस्थलको चारैतिर दिवा र रात्रिकालीन स्कुल छन् भने मन्दिरकै नाउँमा काठमाडौंका मेयर केशव स्थापितको पालामा नन्दीकेशर खुलापार्क निर्माण भएको थियो । पार्कमा व्यायाम, योगालगायत हुने गर्दछ । पाटनको नागवहालमा रहेको नील साँढेसँग पनि आख्यान जडिएको पाइन्छ । पाटनको नागवहालको शिला मूर्ति नै साँढे कराएमा नन्दीकेशर वहाल स्थित साँढेको पनि पूजा गर्नुपर्ने परम्परा छ ।

### नारायणचौर र साइबाबा केन्द्र

लिच्छवीकालीन नारायण मन्दिरकै चौरमा ने.सं. १०१७ मा केन्द्रीय साई परिषद् स्थापित छ । वैदिक, बौद्ध, जोरास्टर, क्रिस्चियन, मुस्लिम, बहाई, जैन, सिखको लोगो स्वरूपमा सत्य साई केन्द्र क्रियाशील छ । प्रवचन हल, सेवा कक्ष, स्वास्थ्य केन्द्र समेटेर चारतले भवन आकर्षक बगैंचासहितको छ । केन्द्रस्थलमा भगवान् बुद्ध, गणेश, शिव, कृष्णका भव्य मूर्तिहरू छन् । दक्षिण भारतमा ने.सं. १०४७ मा जन्मिएका साईबाबा नयाँ धर्म प्रादुर्भाव गर्न नभई भएकै धर्म शुद्धीकरणका लागि जागृत ईश्वरीय आत्मा हुन् । मानव शरीर बेग्लाबेग्लै भए पनि आत्मा एकै हो, भन्ने सन्देशलाई सर्वव्यापी बनाउन नक्सालमा साई केन्द्र स्थापना भएको हो ।

### कमलपोखरी र अग्रवाल भवन

३० रोपनीमा फैलिएको कमलपोखरी नक्साल नामकरणका नौवटा पोखरीमध्ये एक हो । हाल पोखरीमा माछा पाल्ने डुंगा चलाउने सम्भावनाका साथ मर्निङ वाक गर्न, घाम र हावा खान पुग्नेहरूका लागि स्वर्गको बगैंचा अनुभूति हुन्छ । काठमाडौं महानगरपालिकाको लगानीमा ने.सं. ११४२ चैत्र फागु पूर्णिमाका अवसरमा उद्घाटन गरिएको कमलपोखरीमा सात बुद्धको चिवा चैत्य, फल्चा र बगैंचाले पोखरी आकर्षक छ । नजिकै अग्रवाल भवन । मारवाडी समुदायका प्रवर्द्धक अग्रसेन महाराजको मूर्तिसहित अग्रवाल भवनलाई कमलपोखरीले सुनमाथि सुगन्ध छरिदिएको छ ।

### नागपञ्चमी एक आख्यान अनेक

नक्साल नामाकरण गर्ने नौ पोखरीमध्ये एक हो, नागपोखरी । प्रत्येक वर्ष नागपञ्चमीको दिन विशेष पूजा हुने गर्दछ यहाँ । करिब सात रोपनी क्षेत्रमा फैलिएको नागपोखरीमा नागका अलावा ने.सं. १०१५ मा सन्तोषी माताको मन्दिर पनि स्थपित छ । उपत्यकामा १२ नाग तीर्थ छन् । ती मध्ये नागपोखरी पनि एक हो । नागपञ्चमीमा यहाँ मेला लाग्ने गर्दछ । उपत्यका दहको पानी चोभार ह्वासिकापबाट छेदन गरी बाहिर पठाउँदा मञ्जुश्रीले नागवंशको सम्मानार्थ टौदह र ललितपुरको धापाखेलमा पोखरी सुरक्षित गरी बस्ती बसाएको आख्यान छ ।

### महावीर जयन्ती (जैन धर्मका प्रवर्तक)

अहिंसा र सदाचारका सन्देशवाहक एकै युगका तीन महापुरुष गौतम बुद्ध, कन्फचुसियस जस्तै जैन धर्मगुरु महाविर पनि हुन् । चैत्र शुक्ल त्रयोदशीका दिन महाविर जयन्ती मनाइन्छ । भगवान् बुद्ध र जैन महाविरलाई छुटचाउँदा बुद्ध पद्मासनमा शरीर ढाक्ने चिवरमा देखिन्छ भने महाविर सादा पलेटी कसेर वस्त्रविहीन देखिन्छ । आहर्त जैन धर्मका संस्थापक तीर्थंकर ऋषभदेव हुन् । ऋषभदेवका ज्येष्ठ पुत्र सम्राट भरतको नाउँबाटै हिन्दूस्तानको नाउँ भारत रहेको हो । तर २४औं तीर्थंकर मल्लिनाथ मिथिला जनकपुरमा र गौतमबुद्ध समकालीन महाविरको जन्म नेपालकै सिम्रौनगढमा भएको दाबी छ । ईश्वरको अस्तित्त्वलाई स्वीकार्ने जैन र बुद्धसँग शान्ति, अहिंसा र सदाचारका उपदेश मिल्दछन् । अनुश्रुतिमा व्यापारीका रूपमा नेपाल प्रवेश गरेका जैनहरूले काठमाडौंको कमलपोखरीमा २०४५ सालमा स्थापित जैन मन्दिरमा सभाकक्ष, अतिथि भवन, व्यापारिक कम्प्लेक्सहरू स्थापित गरेका छन् ।

### २) हाडीगाउँ (नरदे) र मालिगाउँ (मागः) एकै सभ्यतास्थल

माटाको भाँडा बनाउनेको बस्ती हाडीगाउँलाई नेपाल भाषामा नरदे र संगैको माली गाउँलाई मागः भनिन्छ । कथनअनुसार कीर्तिपुर नरगोवासीलाई बाघले सताएपछि बसाइँ सरेका नरगोबासीलाई नरदे भन्न थालिएको हो । भनिन्छ, राजा मानदेवको राजप्रसाद मानगृह र अंशुवर्माको कैलाशकुट भवन मालीगाउँभित्रै भग्नावशेषको रूपमा रहेको छ । हाडीगाउँ डबली सम्वत् ४७२ लिच्छवीकालीन अभिलेख मानी रुद्रमती (धोबीखोला) छेउमा उत्तर टुँडालदेवी र धुम्बाराही, दक्षिण मैतीदेवी अष्टमातृका पीठसहित नरदे हाडीगाउँ बसाइएको बताइन्छ ।

### सत्यनारायण मन्दिर र ढुंगेधारा

हाडीगाउँ सरस्वतीस्थान सम्वत् ४७२ को शिलालेखबाट ढुंगेभऱ्याङ ओर्लिएर धोबीखोलातर्फ ढुंगेधारासहितको सत्यनारायण मन्दिर रहेको छ । मन्दिर अगाडि ठडिएको ढुंगेस्तम्भ नै नेपालभित्रै बौद्धहरूलाई गाली गरिएको एकमात्र प्रतिमास्थल पनि हो । ढुंगेस्तम्भ मानदेव प्रथम भारवीद्वारा निर्मित मानिन्छ तर बौद्धप्रतिको गालीले धार्मिक समभावमा कुनै दुस्प्रभाव पार्न सकेन ।

### टंगाल गहना पोखरी र षड्मुखा भगवती

चैत कृष्णप्रतिपदाका दिन हुने टुँडालदेवीको गहना खोज्ने जात्रा ने.सं. ८०५ का राजा शिवसिंह मल्लले सुरू गराएको भनाइ छ । जात्राका लागि पोखरीमा पानी भर्न बूढानीलकण्ठदेखि राजकुलो ल्याइन्थ्यो लिच्छविकालमा । हाल बोरिङको पानी भरेर गहना खोज्ने जात्रा गरिन्छ । गहना पोखरी नजिकै कोटालटोलमा गरूड चढेकी छ शिर, छ मुख, छ हात भएकी भगवतीको दुईतले मन्दिर छ, षडामुखा भगवतीको । मन्दिर १८औं शताब्दीका भूपतीन्द्र मल्लकालीन रहेको नेपाल सम्पदा संघले उल्लेख गरेको छ ।

### मनमानेश्वरी

गालपोखरी नजिकै मानेश्वरी मन्दिर भुँइतले आकृतिमा छ । गोपालराज वंशावलीअनुसार राजा मानदेवका कुलदेवता हुन् यी। मन्दिरभित्र शिवलिंगजस्तो ठूलो शिलामूर्तिलाई मानेश्वरी भगवतीको रूपमा पुजिन्छ भने गहना खोज्ने जात्रामा पनि माँ खः भन्दै देवीकै रूपमा जात्रा गरिन्छ । राजा अंशुवर्माको सम्वत् ३२ को अभिलेखमा देवीलाई तीन पुराण र एक पण छुटचाउनुले लिच्छवीकालमा मानगृहकै आगमदेवताको भग्नावशेष भएको प्रमाणित हुन्छ ।

### भाटभटेनी (मोपता अजिमा)

हाडीगाउँकी टुँडालदेवीपछि छोरी भाटभटेनी (मोपता) को स्थान उच्च छ । दुईतले धातुछाने भाट र भटेनी झुण्डयाइएकैमा पुजिन्छ आज पनि । कथनअनुसार, टुँडालदेवी (तोण अजिमाँ) पोडेसँग विवाहपछि दुई छोरीहरूलाई मोपता अजिमाँ (भटेनी) र माख (महालक्ष्मी) भए । महालक्ष्मी मानेखटले नक्सालमै घरबार गरे पनि भटेनीलेचाहिँ भाट पुरूषलाई घरज्वाइँ राख्न हाडीगाउँ ल्याइन् । बच्चालाई तेल घसेर घाममा सुताएका बेला चीलले टिपेर लगेछ । भनिन्छ, बच्चा लिन उडेको दृश्य नै भाटभटनीको पीडादायी देवीको मूर्ति दृश्य हो ।

### टुँडालदेवी (तोर्ण अजिमाँ)

विशालनगरका पुज्यदेवी हुन्- टुँडालदेवी, तोर्ण अजिमाँ । तीनतले प्यागोडाशैलीको टुँडालदेवी मन्दिर, इच्छुमती र खहरेखोलाको दोभानमा छ । ने.सं. ८५४ मा राजा जगतजय मल्ल, ने.सं. ८३४ मा राजा भास्कर मल्लको राज्यकालमा जीर्णोद्वार भएको मन्दिरछेउ भैरव मानेर पुज्ने सम्वत् ३९७ र सम्वत् ८५४ का अस्पष्ट अक्षरका शिलापत्र छन् । धर्मशालामा राँगाको सिङ चढाइनुले देवी तान्त्रिक मानिन्छ । बालाजु २२ धारा नुहाउने पूर्णिमाका दिन टंगालपोखरीमा गहना खोज्ने जात्रा हुने गर्दछ ।

### धुम्बाराही

'धुँ'ले बाघ र 'बाराही'ले रक्षक देवता भन्ने बुझाउँछ । बाघजस्तो धुम्बाराही उपत्यकामा चार बाराही ललितपुरको बज्रबाराही, भक्तपुरको जिनबाराही, मध्यपुरको नीलबाराही र कान्तिपुरको धुम्बाराही १२ रोपनीमा फैलिएको छ ।

### ज्ञानेश्वर महादेव, शान्त भैरव र शिख मठ

ज्ञानेश्वर महादेवस्थान शंकश्यनगरीको अन्तिम पूर्वी सिमाना हो । स्वस्थानीमा उल्लिखित ६४ लिंगमध्ये एक मन्दिर तीनतले छाना धातुयुक्त र टुँडालमा सम्भोगरत कलाकृतिका छन् । दुई रोपनी ढुंगे चोकबीच ने.सं. ९४३ मा दैवज्ञराज लक्ष्मुमन भारोद्वारा स्थापित मन्दिरको दक्षिणतर्फ उन्मूक्त भैरवको ढुंगेमूर्ति छन् । जहाँ सन्तान प्राप्तिका लागि भाकल गर्ने गर्दछन् । वरिपरि शिख सन्यासी मठ र बाह्रै महिना पानी आइरहने ढुंगेधारा छन् । भनिन्छ, शिख गुरू नानक ने.सं. ६३८ मा तेस्रो उत्तराखण्डको यात्रा गर्दै नेपाल प्रवेश गर्दा यहीँ बसी शिख मठ स्थापना गरे । शिख मठमा सन्यासी ज्ञानेश्वर महादेवमा भट्ट ब्राह्मण र भैरवस्थानमा कर्माचार्य नेवार पुजारी रहन्छन् ।

### मयतीदेवी (मैतीदेवी)

अष्ठमातृका पीठमध्ये एक मैतीदेवी अजिमाँ मालीगाउँबासीको कुलदेवता हुन् । तिहारको पञ्चकको दिन कुण्डमा मेला लाग्नु र पाँचवटा बुद्ध चैत्यले घेरिएको हुँदा मैतिदेवीलाई पञ्चकुमारी पनि भनिन्छ । नेपाल सम्वत्को पहिलो दिन म्हपूजामा मैतीअजिमाँ, गणेश र महालक्ष्मीको खटजात्रा मुनिकार खलःको नेतृत्वमा हुने चलन छ । कुविद्याका रक्षक मैतीअजिमाँको ने.सं. ४८ मा निर्माण र ने.सं. ६५० मा जात्रा थालिएको कथन छ । पोडे पुजारी र बज्राचार्य तान्त्रिक साधक रहने मयतीदेवी मसान र हिजाखुसी (रूद्रमती)सहित ३३ रोपनीमा स्थापित छ ।

### ३) सँकोनाकी नीलसरस्वती

भनिन्छ, मञ्जुश्री महाचीन ल्हासाबाट नेपाल आई साँखु नगरकोट र ल्हासापाको क्षेत्रमा विचरणगरी उपत्यकाको पानीलाई बाहिर पठाउने निर्क्योल गर्दा शिक्षाकी देवी सरस्वतीको विशेष हात थियो । नेपाल भाषामा तिब्बतलाई सँदेय् अर्थात् सँय् भोटेबस्ती र साँखुलाई सक्व अर्थात् सँ देशको तल्लो बस्तीबाट आई लिच्छविकालमा बसाएको बस्तीलाई सँखुना अर्थात् सकोना भनिएको भनाइ छ । सोही स्थानमा हरित तारा अर्थात् नीलसरस्वती मन्दिर थापना गरेको विश्वास गरिन्छ । उनै देवीको साधना गरी नक्साल विहारका अमर वाँडाले नारी शक्तिका विरोधी शंकराचार्यलाई शास्त्रास्त्रमा हराएका थिए । श्रीपञ्चमीमा ल्हासापाको स्वयम्भू, ललितपुरको लेलेमा जस्तै यहाँ पनि मेला लाग्दछ । शंखस्यनगरीको अन्तिम सिमाना टुकुचा छेउ स्थापित गुम्बजाकार शैलीको मन्दिर १४औं शताब्दीमा निर्मित मानिन्छ । जहाँ, विद्यार्थीहरू परीक्षा वा विदेश पढ्न जाँदा दर्शन गर्न पुग्दछन् ।

### श्वेतकाली भगवती मन्दिर

अष्टमातृका पीठहरूमध्ये श्वेतकाली चामुण्डा पनि हो । भुइँतले मन्दिरभित्र सादा ढुंगा पुजिन्छ । गहना खोज्ने जात्रामा श्वेतकालीको खटजात्रा पाइन्छ ।

### धोबीचौरस्थित मानदेवकालीन महादेव

नीलसरस्वती नजिकै धोबीचौरस्थित लिच्छविकालीन महादेव मन्दिर पनि एक हो । लुगा सुकाउने चौरबीच शिवलिंगको पादपीठमा उल्लिखित सम्वत् ३८९ र ३९० ले यस क्षेत्रको पुरातत्त्वलाई उजागर गरेको छ । मन्दिर राजा मानदेवले आमाको इच्छामुताविक निर्माण गराएको भनाइ छ । जहाँ लुगा धुने चौर र शिलारूपी चामुण्डा अष्टमातृकामध्ये एक पनि छ ।

### लाजिम्पाटस्थित दयाश्वर महादेवस्थल

दुष्ट आत्मा विचरण गरी हिँड्ने ठाउँ लछिपटनै नेपाल भाषामा अपभ्रंस भई लाजिम्पाट भएको हो । यही दुष्ट आत्मालाई दबाउन स्थापित शिवस्थल हो, दयाश्वर महादेव । आधा रोपनी क्षेत्रफलभित्र मल्लकालमा संरक्षित मन्दिरभित्र, भजनगृह, यज्ञस्थल, सप्तर्षी, बुद्धका मूर्तिसहितको छ भने शिवरात्री, तीज, साउने सोमबार मेला लाग्छ । झण्डै अतिक्रमणमा परी लोप भइसकेको शिवस्थललाई समाजसेवी नरेशबाबु शाहीलगायतको समूहले चन्दा सहयोगमा संरक्षण गरी भोजभजन घर निर्माण गरी व्यवस्थापन गरिएको पाइन्छ ।

### रानीबारी :पोर्पा अजिमाँ

लाजिम्पाटस्थित रानीबारीलाई नेपाल भाषामा पोर्पा अजिमाँका नाउँले पुकारिन्छ । करिब १० रोपनीको थुम्कोमाथि रानीदेवीको सादा शिलाको मन्दिर रहेको छ । जहाँ ज्यापु समुदायको देवाली पूजा हुने गर्दछ । मन्दिर सामाखुसी नदी किनारमा छ । जहाँ विवाह, ब्रतबन्ध, पिकनिकसहित आश्विन महिनामा क्षमापूजा हुने गर्दछ ।

### दरबार हत्याकाण्ड र शंकश्यनगरी

मानदेव प्रथमद्वारा आफ्नै पिता धर्मदेवको हत्या भएको भनिने नारायणहिटी राजदरबारमा नै २०५८ साल जेठ १९ गते राति ९:१५ बजे राजा वीरेन्द्रको राजपरिवार हत्याकाण्डले राष्ट्रलाई नै स्तब्ध बनाइदिएको थियो । त्यस्तै शक सम्वत् ३८६ देखि ४२७ सम्म राजगद्दी सम्हालेका मानदेव प्रथमले पनि अञ्जानमा नारायणहिटीमा नै आफ्ना पिता धर्मदेवको हत्या गरी रक्तरञ्जित तुल्याएको आख्यान छ । देशमा खडेरीलाई अन्त्य गर्न ज्योतिषले ३२ लक्षणयुक्त व्यक्तिको बलि दिनुपर्ने बताएअनुसार राजकुमारलाई आदेश दिए कि, भोलि बिहानै हिटीमा सेतो कपडाले ढाकिएको डल्लो हुने छ, दुई टुक्रा गरी काटिदिनू । आदेश पालन त गरे तर काटिएको वस्तु आफ्नै पिता धर्मदेव थिए ।

अञ्जानमा भएको पापमोचनार्थ बज्रयोगिनीको आज्ञाअनुसार बौद्धस्तूप बनाएको भन्ने लोकोक्ति छ । आख्यान अनुसन्धानकै विषय भए पनि, शाह राजाहरू हनुमानढोका नासल चोकमा राज्याभिषेक र नारायणहिटीमा बस्दै आइरहेका थिए । राजा प्रताप मल्लद्वारा ने.सं. ७६९ मा निर्मित शिखर नारायण मन्दिर र लिच्छविकालीन हिटी ढुंगेधाराको संयुक्त स्वरूप नारायणहिटी दरबारभित्र देशलाई शान्तिक्षेत्र घोषणा गरिनुपर्छ भनी लागेका राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्र, निराजन र अधिराजकुमारी श्रुतिसहितको हत्याले धर्मदेवकालीन हत्याकाण्डलाई पनि माथ ख्वाएको थियो ।

### ४) थँवहिल-ठमेल (विक्रमशील महाविहार)

नेपाल भाषामा 'थँ'को अर्थ माथिल्लो र 'वहि'ले विक्रमशील महाविहारलाई थँवहिल अर्थात् ठमेल भनियो । ने.सं. १०६ ताका कान्तिपुर बसाउँदा ठमेल छुट्टै बस्ती थियो । ने.सं. ३४४ मा निर्मित थँवहिलमा करुणामय र सिंहसार्थवाह पुजिन्छ । आख्यानुसार, ठमेलका बानियाँहरू तिब्बतबाट व्यापार गरी फर्कंदा, अनकन्टार ठाउँमा राम्री-राम्री युवतीहरूले बानियाँहरूको खुब सेवा गरे तर सिंहसार्थवाहलाई राति आर्यावलोकितेश्वरले सतर्क गराउँदै भनेछन्- ती सुन्दरीहरू राक्षसनी हुन्, तिनीहरूबाट बच्न ब्रह्मपुत्र नदी तर्दा ती यक्षिणीले जतिसुकै बोलाए पनि फर्किएर नहेर्नू । सो कुरा साथीहरूलाई पनि बताए । तर, समुद्र तर्दा सुन्दरीहरूप्रति मन थाम्न नसकी फर्किएर हेरे । सबै यक्षिणीको आहारा बने ।

नेपाल फर्किन सफल सिंहसार्थवाहसँग पनि एउटी यक्षिणी आइपुगेकी रहिछिन् । सुन्दरीबाट मोहित शंकश्यनगरीका राजा सिंहकेतुले यक्षिणीलाई रखौटी राखिदिए छन् । ऐन मौका छोपी यक्षिणीले राजालाई खाइदिए छन् । सो कुरा थाहा पाएर सिंहसार्थवाह विशालनगर पुग्दा अवलोकितेश्वरको प्रभावका कारण यक्षिणीहरू भागाभाग गरेछन् । यक्षिणीबाट मुक्त गराएका कारण जनताले सिंहसार्थवाहलाई नै राजा घोषणा गरे । यही खुसियालीमा फागुपूर्णिमाको दिन बसन्तपुरमा झल्लर लिंगो उठाई भव्य सिहंसार्थवाहको खटजात्रा गरी जनताले सिंहसार्थवाहलाई नै गरुड भगवान्को रूपमा प्रतिस्थापित गरे । पाँचतले थँवहिलमा ने.सं. ८०४ का अभिलेख छन् । १६औं शताब्दीमा निर्मित गुप्तदेवता सद्यकुमारी तीनतले मन्दिरको तोरणमा बज्रसत्व कुमारी भैरव र चोकमा स्वयम्भू चैत्य छ ।

# पाँचबुँदे घोषणपत्र जारी गर्दै सकियो जलवायु कार्यशाला

**मुगु (प्रस)**- गत शनिबारदेखि यहाँको रारा ताल किनारमा आयोजित 'कोप-२९' को पूर्वतयारी र जलवायु परिवर्तनले कर्णालीमा पारेको असर बारे दुईदिने कार्यशाला पाँचबुँदे घोषणापत्र जारी गर्दै आइतबार सम्पन्न भएको छ ।

संघीय वन तथा वातावरण मन्त्रालय र साथसाथै फाउन्डेसनले आयोजना गरेको सम्मेलनले संघीय वन तथा वातवरणमन्त्री ऐनबहादुर शाहीको उपस्थितिमा प्रदेश तथा स्थानीय र संघसंस्थाका प्रतिनिधिसहित विज्ञहरूसँग छलफल गरी पाँचबुँदे घोषणापत्र जारी गरेको हो ।

जारी घोषणपत्रमा जलवायु परिवर्तनका कारण समग्र मुलुक उच्च जोखिममा रहेको र कर्णाली प्रदेशमा जलवायु परिवर्तनसँग जुध्ने क्षमता कम रहेको विषयमा छलफल गरिएको उल्लेख छ । सरकारले कार्यान्वयन गर्ने विकास निर्माणमा जलवायु परिर्वतनसम्बन्धी जोखिम व्यवस्थापन र जलवायुमैत्री क्रियाकलाप कार्यान्वयन गर्न विशेष प्राथमिकता साथ उठान गर्दै जलवायु परिवर्तनका कारण महिला, बालबालिका, युवा सीमान्तकृत समुदायलगायतलाई परेको प्रभाव, जोखिमता र जलवायु न्यायसम्बन्धी विषय अन्तर्राष्ट्रियस्तरमा प्राथमिकताका साथ उठान गर्ने उक्त घोषणपत्रमा उल्लेख छ ।

जलवायु परिवर्तनले पारेको प्रभावसँग जुध्न साथै जलवायुमैत्री विकासका अवसर प्राप्त गर्न अन्तर्राष्ट्रिय समुदायको सहकार्यलाई जोड दिइने घोषणापत्रमा भनिएको छ । जलवायु परिर्वतनले स्थानीय जनजीविकामा पारेको असर र प्राकृतिक विपद्को वैज्ञानिक लेखाजोखा गर्दै जोखिम व्यवस्थापन र असर कम गर्दै राष्ट्रिय, प्रदेश र स्थानीय तहको क्षमता अभिवृद्धि गर्दै आसन्न कोप-२९ मा नेपालमा जलवायु परिवर्तनले पारेका असर र प्राप्त हुनसक्ने अवसरहरू, साथै जलवायुमैत्री कार्यक्रमहरू कार्यान्वयन गर्न जलवायु वित्तको आवश्यकताबारे विशेष पहल गरिने घोषणपत्रमा उल्लेख छ ।

वन तथा वातावरणमन्त्री शाहीले नेपालले केही गल्ती नगरी अन्याय भोग्नुपरेकाले क्षतिपूर्तिका लागि सरकारले अन्तर्राष्ट्रिय मञ्चमा आवाज उठाउने बताए । उनले संयुक्त राष्ट्रसंघीय जलवायु सम्मेलनमा जलवायु कोषको रकम क्षतिपूर्तिस्वरूप पाउन आवश्यक गृहकार्य भइरहेको जानकारी दिए ।

मन्त्री शाहीले यसअघिको बजेटमा जलवायु न्यायका लागि काम गर्ने बजेट न्यून रहेकाले आगामी बजेटमा सरकारले ध्यान पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे । जलवायु परिवर्तनका असरले कर्णालीका जनतालाई परेको असरसहित कर्णालीको अवाज कोप-२९ मा पुऱ्याउने बताए ।

साथसाथै संस्थाकी अध्यक्ष प्रजिता कार्कीले राराको सुन्दरता, छाँयानाथ हिमालवगायतको आकर्षण जलवायु परिवर्तनको कारणले घट्दै गएकोप्रति चिन्ता व्यक्त गरिन् ।


## मोटरसाइकल हरायो

हराएको मिती : २०८१/०६/२२ गते
हराएको स्थान : काठमाडौं जिल्ला, नार्गजुन नगरपालिका, वडा नं.१, नागभुषण मन्दिर नजिक घरबाट कालो निलो रङको पल्सर १५० सि सि मेरो निम्न व्यहोरा भएको मोटरसाइकल हराएको हँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम : विनोद इटानी**
**इन्जीन नं.: DHXPRB66365**
**च्यासिस नं.: MDLAIICX7RPB55176**
**सम्पर्क नं.: ९८४१९२२६८०**



## कतार/साउदीमा रोजगार

कम्पनी : CONTENU MART TRANDING — सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०४/०९ | LT. No. 307859 | चलानी नं. ६०२२२६६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Watches Salesman | 0 | 1 | 3600 | १३२,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Teller Supervisor | 1 | 0 | 2500 | ९२,२८५ | | | | | | | |
| 3 | Packing Worker | 1 | 1 | 1000 | ३६,९१५ | | | | | | | |
| 4 | Marketing Represent | 1 | 0 | 2200 | ८१,२१० | | | | | | | |
| 5 | Labour | 2 | 0 | 1000 | ३६,९१५ | | | | | | | |
| 6 | Grocer | 2 | 0 | 1000 | ३६,९१५ | | | | | | | |
| 7 | Driver | 1 | 0 | 1700 | ६२,७५५ | | | | | | | |
| 8 | Cashier | 0 | 5 | 1400 | ५१,६८० | | | | | | | |
| 9 | Accountant/auditor | 1 | 0 | 3600 | १३२,८९० | | | | | | | |

कम्पनी : DORAT NAQEL TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/०२ | LT. No. 312393 | चलानी नं. ६०२२६८८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Traila Driver | 4 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १३ गते (29th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal, Tel : +977-1-5903266, 985-1105656, 9801020501
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## साउदी/युएईमा रोजगार

कम्पनी : Telecommunication Electrical & Network Accessories Saudi Factory Company

पूर्व स्वीकृति मिति : २०८१/०७/०५ | LT. No. 312438 | चलानी नं.६०२२६९२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 10 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Modern Elite Trading Company

पूर्व स्वीकृति मिति : २०८१/०७/०५ | LT. No. 312436 | चलानी नं.६०२२६९२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 10 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Modern Food Company

पूर्व स्वीकृति मिति : २०८१/०७/०५ | LT. No. 312437 | चलानी नं.६०२२६९२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 20 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EASY FIT JOINERY AND METAL-LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/०५ | LT. No. 312439 | चलानी नं.६०२२६९२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminum Fabricators | 3 | 0 | 1500 | ५४,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Aluminum Fitter | 2 | 0 | 1500 | ५४,८२० | | | | | | | |
| 3 | Aluminum/Metal Door Maker | 2 | 0 | 1500 | ५४,८२० | | | | | | | |
| 4 | Carpenter | 3 | 0 | 1500 | ५४,८२० | | | | | | | |
| 5 | Carpentry Work Supervisor | 3 | 0 | 2000 | ७३,९०५ | | | | | | | |
| 6 | METAL SHEET WORKER | 2 | 0 | 1500 | ५४,८२० | | | | | | | |
| 7 | Welders | 5 | 0 | 1600 | ५८,४७५ | | | | | | | |
| 8 | Wood Treater | 3 | 0 | 1500 | ५४,८२० | | | | | | | |
| 9 | Wood Worker Supervisor | 2 | 0 | 2000 | ७३,९०५ | | | | | | | |



अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १३ गते (29th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**All Asia Overseas Pvt.Ltd**
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

## साउदीमा रोजगार

कम्पनी : AHAD TAJ GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८०/१०/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०७/०५ | LT. No. 298490 | चलानी नं. ६०२१३४४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |



अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १३ गते (29th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : www.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७


## लेटाङ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लेटाङ, मोरङ
कोशी प्रदेश, नेपाल

### दररेट पेस गर्ने सम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मिति: २०८१/०७/०६

यस कार्यालयद्वारा आ.व. २०८१/०८२ मा तपसिल बमोजिमको कार्यहरू गर्नका निमित्त योग्य र मौजुदा सुचीमा सूचीकृत इच्छुक फर्महरूलाई गोप्य रूपमा दररेट पेस गर्न यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१. लेटाङ नगरपालिकाको सामाजिक परीक्षण
२. लेटाङ नगरपालिकाको लै.स.सा.स. परीक्षण
३. लेटाङ नगरपालिकाको आयोजना बैंक निर्माण
४. लेटाङ नगरपालिकाको सार्वजनिक सुनुवाइ (२ पटक)

| क्र.स. | शिर्षक | विवरण |
|---|---|---|
| क) | दररेट बुझाउने अन्तिम मिति | सूचना प्रकाशित भएको मितिबाट ७ दिन भित्र दिनको १२ बजे सम्म |
| ख) | संलग्न गर्नुपर्ने कागजातहरु (खामबन्दि सहित) | १. दररेट पेस गरिएको पत्र<br>२. लेटाङ नगरपालिकामा सूचीकृत गरिएको प्रमाण<br>३. स्व-घोषणा पत्र<br>४. कार्यक्षेत्रगत शर्तमा उल्लेख भएका आवश्यक कागजातहरू<br>५. कबोल रकम (BoQ मा मु.अ.कर सहित) उल्लेखित पत्र |
| ग) | सूचीकृत गर्न आवश्यक कागजात | १. कम्पनी दर्ताको प्रमाण पत्र<br>२. व्यवसाय दर्ता र नविकरणको प्रमाण पत्र<br>३. मु.अ. कर दर्ता प्रमाण पत्र<br>४. २०८०/८१ को कर चुक्ता प्रमाण पत्र वा म्याद थप गरिएको प्रमाण पत्र |

नोट:

१. माथि उल्लिखित (सि.न. १-४ सम्मका) कार्यको लागि संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु छुट्टा- छुट्टै दररेट उल्लेख गरि छुट्टा-छुट्टै खामबन्दि सहित पेस गर्नु पर्नेछ ।
२. सारभूतरूपले प्रभावग्राहीमध्ये प्रत्येक कार्यमा सबभन्दा कम रकम कबोल गर्ने फर्महरूलाई मात्र कार्यका निमित्त सम्झौता गर्न आशयको सूचना प्रकाशन गरिनेछ ।
३. सुचिकृत गर्ने वा दररेट पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट उल्लिखित कार्यहरु गरिनेछ । तर म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेस भएको दररेटलाई मान्यता दिईने छैन ।
४. रितपूर्वक दाखिला भएको दररेट देहायअनुसारको मिति र समयमा यस कार्यालयका प्रतिनिधि र पेस गर्ने फर्मका प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर फर्मका प्रतिनिधि उपस्थित नभएका कारणले मात्र दररेट खोल्न बाधा पर्ने छैन ।
५. थप जानकारी आवश्यक भएमा यस कार्यालयमा कार्यालयको समय भित्र सम्पर्क गर्न सकिनेछ ।
६. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

## जिल्ला अस्पताल भोजपुर
भोजपुर
कोशी प्रदेश, नेपाल

### शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथमपटक प्रकाशित मिति: २०८१/०७/०६

यस अस्पतालको लागि आवश्यक औषधि खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तपशिल अनुसार तोकिएको शर्तमा रही औषधी सप्लाई गर्न इच्छुक फर्मले सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन आहवान गरिन्छ ।

तपसिल

| S. N. | Contract No. | Description of work | Bid security amount | Bid security validity period | Payment non -refundable amount | Electronic Submission options |
|---|---|---|---|---|---|---|
| 1. | DHOBHP/ NCB/P/01 -2081/82 | Purchase of medicine & surgical items | 30500.00 | 120 days | 3000.00 | Yes (only e-bid) |

तपशिल

१. सूचना प्रकाशित भएको मितिले ३० दिन सम्म दरभाउ पत्र फाराम खरिद गर्ने तथा ३१ औ दिनको १२:०० बजेसम्म दरभाउ पत्र पेश गरीसक्नु पर्नेछ । ३१ औ दिनको १:०० बजे जिल्ला अस्पताल, भोजपुरमा दरभाउपत्र नियमानुसार खोलीने छ । सम्बन्धित व्यक्ति वा प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोल्न वाधा पर्ने छैन ।
२. दरभाउ पत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट दरभाउ पत्र खोलीनेछ ।
३. दरभाउ पत्र खरिद गर्दा निम्न कागजातहरूको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
(क) औषधि सप्लायर्सको प्रोपाइटरको नेपाली नागरीकताको प्रमाणपत्र,
(ख) मुल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र,
(ग) आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र,
(घ) फर्म, संस्था वा कम्पनि दर्ताको प्रमाणपत्र,
(ङ) व्यवसाय दर्ताको इजाजत पत्र,
४. आपुर्ति गर्ने औषधिहरू औषधि व्यवस्था विभागबाट GMP Certified हुनु पर्नेछ ।
५. औषधिहरूको Expiry date कम्तिमा १८ महिना भन्दा वढि हुनु पर्नेछ ।
६. दरभाउ पत्र फाराम रू ३,०००।- (फिर्ता नहुने गरी) तिरी राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. १०००२०००१०००० मा जम्मा गरी सक्कलै भौचर सहित पेश गर्नु पर्नेछ ।
७. सिलवन्दि दरभाउपत्रको जमानत वापत हुन आउने रकम प्रदेश लेखा इकाइ कार्यालय, भोजपुरको राष्ट्रिय वाणिज्य वैंकमा रहेको धरौटी खाता नं. २०४०१००२०२०३०००० मा जम्मा गरेको रू ३,०५,०००।- को सक्कलै भौचर वा नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त (क) श्रेणीको वैंकबाट कम्तिमा १२० दिनको म्याद भएको जमानत पत्रको साथ दरभाउपत्र पेश गर्नु पर्नेछ ।
८. दरभाउपत्रमा अंक र अक्षरमा लेखेको व्यहोरा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
९. दरभाउ पत्र स्वीकृत भएका दरभाउ पत्र दातालाई सो को जानकारी गराईनेछ र कवोल अंकको मु.अ. कर समेत ५ प्रतिशत ले हुन आउने धरौटी रकम दाखिला गरेको सक्कलै भौचर वा सो बरावरको वैकं जमानत साथ १५ दिन भित्र सम्झौता गर्न आइसक्नु पर्नेछ ।
१०. पेश हुन आएका दरभाउ पत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार कार्यालयमा पुर्णरूपमा सुरक्षित हुनेछ । साथै यसमा उल्लेख भए वाहेक सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानुन वमोजिम हुनेछ ।
११. विस्तृत जानकारीको लागि यस कार्यालयको ईमेल hospitalbhp@gmail.com र फोन नं. ०२९४२०१८८ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

कार्यालय प्रमुख

## धनगढी उपमाहानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्रको आशय पत्र सम्बन्धि सूचना

प्रकाशित मिति २०८१/०७/०६

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको आ. व. २०८१/०८२ अन्तर्गत तपसिल बमोजिमको कार्यको लागि मिति २०८१/०५/१२ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| ठेक्का न. | कामको विवरण | फर्म/ कम्पनी | कबोल रकम |
|---|---|---|---|
| 11/DSMC/ 2081/082 | Fabrication and Supply of Desk and Bench at Various Schools of DSMC | श्री भागेश्वर निर्माण सेवा बेदकोट, कञ्चनपुर | रु. १२,९३,२९७/७५ मु. अ. क. बाहेक |
| 12/DSMC/ 2081/082 | Construction of 2nd Storey at Shopping Complex of Dhangadhi Sub-Metropolitan City Office | श्री सम्बृद्धि बिल्डर्स धनगढी, कैलाली | रु. ८७,३६,१३७/७० मु. अ. क. बाहेक |
| 13/DSMC/ 2081/082 | Construction of Shed for Fire Fighting Vehicle at DSMC | श्री बि. एण्ड बि. अर्गानाइजेशन प्रा. लि. धनगढी, कैलाली | रु. ५२,९८,९४०/३० मु. अ. क. बाहेक |

**प्रमुख प्रशासकीय अधिकृत**

## भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति
२००८/०४/१३ गते

स्वर्गारोहण मिति
२०८१/०६/२४ गते

**स्व. उद्धव मोहन भण्डारी**

डाइनामिक स्टाफिङ सोलुसन नेपाल प्रा.लि.का सञ्चालक श्री उज्ज्वल भण्डारीका पूजनीय पिता **स्वर्गीय उद्धव मोहन भण्डारी**को असामयिक निधनले हामीलाई गहिरो दु:ख र पीडा भएको छ । उहाँको निधनले परिवारजन, आफन्तजन मात्र नभई हामीलाई समेत शोकाकुल बनाएको छ । यस दु:खद घडीको **१३औं दिनको पुण्यतिथि**मा स्वर्गीय उद्धव मोहन भण्डारीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै यस कठिन समयमा शोकाकुल परिवारजनलाई धैर्य, साहस र शक्ति प्राप्त होस् भन्ने कामना गर्दछौं । उहाँको आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति गहिरो **समवेदना** व्यक्त गर्दछौं ।

**डाइनामिक स्टाफिङ सोलुसन नेपाल प्रा. लि. परिवार**
**सामाखुसी, काठमाडौं**

# निर्वाचनको पूर्वसन्ध्यामा जापानका प्रधानमन्त्री इशिबालाई कमजोर समर्थन

**टोकियो-** जापानका नयाँ प्रधानमन्त्री शिगेरु इशिबाको अनुमोदन आगामी अक्टोबर २७ मा हुने आमनिर्वाचनअघि घटेको एक साताको सर्वेक्षणले देखाएको छ । पूर्वरक्षामन्त्री इशिबाले लिबरल डेमोक्र्याटिक पार्टी (एलडिपी) को नेतामा निर्वाचित भएपछि यसै महिना पदभार ग्रहण गरेका थिए ।

इशिबाका पूर्ववर्ती फुमियो किशिदाको कार्यकालमा कोषको घोटाला र 'युनिफिकेसन चर्च'सँग एलडिपीका सांसदहरूको सम्बन्ध र बढ्दो मूल्यवृद्धिमा मतदाताहरूको असन्तोषका कारण पार्टीको रेटिङमा गिरावट आएको थियो ।

क्योदो न्युजले शनिबार र आइतबार गरेको सर्वेक्षणले इशिबाको क्याबिनेटका लागि हालको अनुमोदन रेटिङ ४१.४ प्रतिशत रहेको देखाएको छ । करिब एक हजार २६० मतदातामा गरिएको पछिल्लो सर्वेक्षणमा अस्वीकृति दर ४०.४ प्रतिशत रहेको क्योदोले आइतबार जनाएको छ । अक्टोबर १२ देखि १३ सम्म भएको मतदानमा ३६.७ प्रतिशतले असहमति जनाएका थिए ।

'यो चुनाव हाम्रा लागि वास्तवमै जटिल र कठिन हुने छ,' इशिबाले गत साता चुनावीसभालाई सम्बोधन गर्दै भनेका थिए । उदारवादी झुकाव भएको असाही शिम्बुन पत्रिकाले सप्ताहान्तमा गरेको अर्को सर्वेक्षणमा इशिबाको क्याबिनेटलाई ३३ प्रतिशतले समर्थन गरेको पाइएको थियो ।



असाहीको रिपोर्टमा भनिएको छ, 'यो ४२ प्रतिशत अनुमोदन र ३१ प्रतिशत अस्वीकृति जनाइएको यो परिणाम सन् २०२१ मा किशिदाले प्रधानमन्त्रीका रूपमा आफ्नो पहिलो आमनिर्वाचनअघि सामना गर्नुपरेको भन्दा पनि खराब छ ।'

एलडिपी र उसको कनिष्ठ गठबन्धन साझेदार कोमेइतोले आगामी निर्वाचनमा बहुमत गुमाउने खतरा रहेको उक्त दैनिक पत्रिकाले जनाएको छ । जिजी प्रेसले आफ्नो सर्वेक्षण र रिपोर्टिङले गठबन्धनले आफ्नो बहुमत कायम राख्ने सम्भावना देखाएको छ, यद्यपि एलडिपीले एक्लै बहुमत प्राप्त गर्न सक्दैन । यो सम्भावना अन्य सञ्चारमाध्यमले विगतका धेरै सर्वेक्षणहरूमा प्रतिविम्बित गरेकोभन्दा पनि खराब छ ।

सन् २०१२ मा पूर्वप्रधानमन्त्री शिन्जो आबेले भारी मतान्तरले जित हासिल गरेपछि कन्जरभेटिभ एलडिपी र बौद्ध धर्मावलम्बी समूह समर्थित नरमपन्थी पार्टी कोमेइतो सत्तामा छन् । एलडिपीलाई सन् २००९ मा अधिक बामपन्थी विपक्षीहरूले पराजित गरेका थिए ।

एलडिपीका महासचिव हिरोशी मोरियामाले आइतबार सार्वजनिक प्रसारक एनएचकेद्वारा प्रसारित एक बहस कार्यक्रममा भने, 'हामीले हाम्रो बहुमत गुमाएनौं वा गुमायौं भने पनि हामीले समान नीतिका साथ देशको विकास गर्न प्रयास गरिरहेका पार्टीहरूसँग सकारात्मक वार्ता गर्नुपर्छ ।' *रासस/एएफपी*

# गाजामा द्वन्द्वको तुरुन्तै अन्त्य हुनुपर्छ : राष्ट्रसंघ

**न्युयोर्क-** मध्यपूर्व शान्ति प्रक्रियाका लागि संयुक्त राष्ट्रसंघका विशेष संयोजक टोर वेन्नेसल्यान्डले गाजामा नागरिकहरूमाथि जारी इजरायली आक्रमणको निन्दा गर्दै युद्ध लम्बिएमा हुने मानवीय सकंटबारे चेतावनी दिँदै द्वन्द्वको तत्काल अन्त्य गर्न आग्रह गरेका छन् ।

गैरलडाकुहरूको रक्षा गर्न, प्यालेस्टिनीहरूको थप विस्थापन रोक्न र बन्दीहरूको तत्काल सुरक्षित रिहाइ गर्न आवश्यक रहेको वेन्नेसल्यान्डले बताए । प्रभावित क्षेत्रमा मानवीय सहायता निर्वाधरूपमा प्रदान गरिनुपर्ने बताउँदै वेन्नेसल्यान्डले जीवन बचाउ सहयोगलाई खाँचोमा परेकाहरूसम्म पुग्न अनुमति दिन आग्रह गरे ।

वेन्नेसल्यान्डले उत्तरी गाजाको अवस्थालाई इजरायली हवाई आक्रमण र बिग्रँदै गएको मानवीय अवस्थाले चित्रित गरेको विडम्बनाको रूपमा वर्णन गर्दै बेत लाहियामा भएको विनाशबारे उल्लेख गरे । बेत लाहियामा रातभरिमा कम्तीमा ८७ प्यालेस्टिनी मारिएको बताइएको छ भने विनासकारी आक्रमणका कारण धेरै जना भग्नावशेषमुनि पुरिएको अनुमान गरिएको छ ।

पछिल्लो समयमा 'गाजामा विनासकारी द्वन्द्व तीव्र हुँदै गइरहेको जनाउँदै उनले द्वन्द्व, निरन्तर इजरायली हमला र बढ्दो मानवीय संकटको बीचमा उत्तरी गाजापट्टीमा डरलाग्दो अवस्था देखापरेकाले गाजामा कतै पनि सुरक्षित नभएको बताएका छन् । यस्तो अवस्थामा अगाडि बढ्न साहस, राजनीतिक इच्छाशक्ति र नयाँ तथा प्रभावकारी समन्वय र संवाद चाहिने उनले बताए । *रासस/क्युएनए*

# म्यान्मामा डुंगा डुब्दा ११ जनाको मृत्यु

**यांगुन, म्यान्मा-** म्यान्माको दक्षिणी तटमा अन्डमान सागरमा करिब ३० जना बोकेको डुंगा डुबेपछि उद्धारका लागि खटिएका उद्धारकर्ताहरूले ११ वटा मृत शरीर पानीबाट बाहिर निकालेका छन् भने बाँकी बेपत्ता रहेको एक स्थानीय बासिन्दाले सोमबार बताएका छन् ।

दक्षिणी तानिन्थारी क्षेत्रको क्याउक कर गाउँका एकजना भिक्षुले नाम नबताउने सर्तमा भने, 'हामीले आइतबार राति १० वटा र सोमबार बिहान एउटा शवलाई पानीबाट बाहिर निकालेका छौं ।' भिक्षुका अनुसार डुंगामा अधिकांश विद्यार्थी थिए । उनीहरू दुई हप्ताको बिदापछि गाउँबाट म्येइक सहर फर्किरहेका थिए ।

डुंगा अत्यधिक भारमा कारण डुबेको जनाइएको छ । स्थानीयहरूले मृत शरीरको पहिचान गरी दाहसंस्कार गरिसकेका छन् भने स्थानीय तथा उद्धार टोलीहरूले बेपत्ता व्यक्तिहरूको खोजी गरिरहेका छन् ।

म्यान्मामा समुद्र तट र नदीहरूमा डुंगालाई आवतजावतका लागि यातायातको साधनको रूपमा प्रयोग गर्ने गरिन्छ । *रासस/एएफपी*


सडक विभाग

सडक डिभिजन, विराटनगर

**आर्थिक प्रस्ताब खोल्ने सम्बन्धि सूचना**

प्रकाशित मितिः २०८१-०७-०६

यस डिभिजनबाट मिति २०८१-०४-३२ गते हिमालय टाईम्स पत्रिकामा प्रकाशित सूचना नं. T4/2081/82 बमोजिम रितपूर्वक EGP-II प्रकृयाबाट दाखिला/दर्ता हुन आएका बोलपत्रहरु मध्ये सारभूतरुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राबिधिक प्रस्ताव छनौट भएकोले सार्बजनिक खरिद नियमावली २०६४(संसोधन सहित) को नियम ३१(ङ)५ बमोजिम मुल्यांकन प्रयोजनार्थ आर्थिकप्रस्ताव खोल्न सम्बन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कामको विवरण | प्राबिधिक प्रस्तावमा सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम, ठेगाना | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| RDBRT/337011694/2081/82-22 | Pavement Works including Retaining & Cross Drainage structures along Biratnagar Ringroad (Budhiganga Gokuwa dekhi Biratnagar Jadaha Katahari Gramthan Sadak) | 1. M/S Karki Bandhu Construction Pvt. Ltd., Biratnagar-03,Morang<br>2. M/S Yasuki-Tulasha JV ,Budhiganga-01,Morang<br>3. M/S Innovation-Hena JV,Damak-6 ,Jhapa<br>4. M/S Devi Danda Nirman Sewa, Illam-7, Illam<br>5. M/S Amit-Shear-PR JV, Harinagar-2, Sunsari<br>6. M/S Joshila-Rankalimata JV, Biratnagar-07<br>7. M/S J.S.S-East Nepal JV, Gyaneshwor-30, Ktm.<br>8. M/S Nikita & Raj Construction Pvt. Ltd., Koshi Ga.Pa.-3, Sunsari<br>9. M/S Shree Jay Sambhu-Karki-Chakra JV,Il-lam-09, Illam<br>10. M/S Surke/Dibisha JV,Nagarjun-9,Kathmandu<br>11. M/S Shree Krishna Nirman Sewa ,Itahari-9, Sunsari<br>12. M/S Sashidhar-Shiva-KBC JV,Pathari-10,Morang | सडक डिभिजन विराटनगर , मोरंग , मिति २०८१/०७/१३ गते मंगलबार दिनको १:०० बजे |

डिभिजन प्रमुख



स्थानीय सरकार

हरिनास गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश

चित्रेभञ्याङ्ग, स्याङ्जा

स्थापित :२०७३

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति :२०८१/०७/०५

यस कार्यालयबाट मिति २०८१/०५/३० प्रभाब राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार मिति २०८१/०६/३० गते खोलिएको The Construction and Upgrading of Dagdi - kulungkhola - Dovan -Badaharbhanjyang - Kihun Rural Road (Part–04) बोलपत्रमा प्राविधिक मूल्यांकनमा सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मूल्यांकनमा निम्न बोलपत्रदाता न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | बोलपत्र नं र विवरण | सफल भएका बोलपत्रदाताहरुको नाम | कबोल अंक (मु.अ.क. सहित) |
|---|---|---|---|
| १. | The Construction and Upgrading of Dagdi - kulungkhola - Dovan -Badaharbhanjyang - Kihun Rural Road (Part-04) (HRM/NCB/W/R/01/081/082 ) | श्री Rara Nirman Sewa, पुतलीबजार, स्याङ्जा | रु.८८,९८,४८८.१२ |

*प्रमुख प्रशासकीय अधिकृत*



पाँचखाल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आसयको सूचना**

प्रकाशित मिति : २०८१/०७/०६

यस कार्यालयबाट प्रकाशित निम्न सिलबन्दी दरभाउपत्र सम्बन्धि सुचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका दरभाउपत्र उपर कारवाही हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो दरभाउपत्र स्वीकृत गर्ने आसयको सूचना प्रकाशित गरिएको छ ।

| IFB NO. | Description of work | बोलपत्रदाता | कबोल रकम (VAT बाहेक) |
|---|---|---|---|
| PMUN/SQ/GOODS/MED/01/2081/082 | Procurement of Medicine and Surgical Items for Panchkhal Municipality | Mansarovar Medihealth Pvt. Ltd., Ward No 10 – Buddhanagar, Kathmandu | 8,92,820.30/- |

*प्रमुख प्रशासकीय अधिकृत*



**कर्मचारी हटाईएको सम्बन्धी सूचना**

यस **Advance Recruitment Service Pvt. Ltd.** (ई.प.नं. ४४४/०६०/०६१) मा कार्यरत **पार्वती भण्डारी (ना.प्र.प्र.नं: ३०३०५७/१४७)** लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Advance Recruitment Service Pvt. Ltd. श्रम ईजाजत नं. ४४४/०६०/०६१

Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069



**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष ११ अंक १७८ कार्तिक ५ गते २०८१ मा प्रकाशित **International Trade Links Recruitment Pvt. Ltd. (The Centre Overseas Pvt. Ltd. (THE CENTER OVERSEAS CONCERN PVT.LTD))** को **Al Rashid Ice Factory** कम्पनीको विज्ञापनमा **Lot No. 289153** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



**युएईमा रोजगार** कम्पनी : Ontime Manpower Supply

पूर्व स्वीकृति मिति : २०८१/०७/०४ | LT. No. 312414 | चलानी नं. ६०२२६८५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Cleaner | 50 | 0 | 800 | २९,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १३ गते (29th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Yovant Recruitment Services PVT. LTD.)
श्रम ईजाजत नं. १६५२/०८०/०८१
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, 9769359609, yovant1652@gmail.com



**युएईमा रोजगार** कम्पनी : FINE FIBRE GLASS FACTORY LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/०४ | LT. No. 312168 | चलानी नं. ६०२२६८३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 6 | 0 | 1300 | ४७,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Worker/Factory Worker | 4 | 1 | 1300 | ४७,५१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक १३ गते (29th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.S.Group of Management Pvt.Ltd.
Subidhanagar-32, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682, Ph: 9843193397 Email: ssgroup1100@gmail.com
Govt. License 1100/073/074



किस्पाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बागमति प्रदेश, नेपाल

काहुले, नुवाकोट

**बोलपत्र स्वीकृतका लागि आशयको सूचना**

प्रकाशित मिति :२०८१/०७/०६

यस कार्यालयबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय e–portalwww.bolpatra.gov.np/egp मार्फत मिति:२०८१/०६/१८ गते यस कार्यालय बाट आ.व. २०८१/८२ को लागि ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, रोड, चिप्स, माटो तथा नदिजन्य एवं खानीजन्य र इट्टा कवाडी लगाएतका सामाग्रीको संकलन तथा बिक्रि कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धि बोलपत्र अह्ववानको लागि सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र मूल्याङ्कनको आधारमा सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनका लागि ७ (सात) दिने आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | सारभुतरुपमा प्रभावाग्राही बोलापत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | 01/REVENUE/2081/082/RE | PROCUREMENT OF REVENUE | S.R. NIRMAN SEWA KISPANG-5,NUWAKOT | Rs.11582500.00 |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६५६०० | प्रति तोला - ० | प्रति तोला - २०९५ |



**छठका लागि बाँसका ढकी** | सुनसरीको इनरुवास्थित सोमबारे हटियामा छठका लागि बिक्री गर्न राखिएका बाँसबाट निर्मित ढकीलगायतका सामग्री । ढकी स्थानीय बजारमा २५० देखि ३५० रुपैयाँसम्ममा बिक्री हुने व्यापारी बताउँछन् । *तस्बिरः नवीन गड्तौला/रासस*

# भैरहवा र सिमराका सेजमा २५ उद्योग स्थापना गर्न अनुमति

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले भैरहवा विशेष आर्थिक क्षेत्र (सेज) मा १० वटा उद्योगलाई उद्योग स्थापना गर्न प्लट (जग्गा) प्रदान गरेको छ । ती उद्योगबाट रु तीन सय ४४ करोड लगानी र तीन हजार पाँच सय २३ रोजगारी सिर्जना गर्ने प्रतिबद्धता प्राप्त भएका उद्योग भएको वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।

वर्तमान सरकार गठन भएको एक सय दिनका अवधिमा थप दुई वटा उद्योगले उत्पादन सुरु गरेका छन् । प्लट प्राप्त गरेका ३ वटा उद्योगसँग उद्योग सञ्चालनका लागि सम्झौता गरिएको मन्त्रालयले जनाएको छ ।

यस्तै सिमरा विशेष आर्थिक क्षेत्र(सेज)मा १५ वटा उद्योगलाई उद्योग स्थापना गर्न जग्गा प्रदान गरिएको उक्त उद्योगहरूबाट कूल रु छ सय ८४ करोड लगानी र एक हजार दुई सय ८७ रोजगारी सिर्जना गर्ने प्रतिवद्धता प्राप्त भएको छ । ती उद्योगमध्ये सात वटा उद्योगसँग उद्योग सञ्चालनका लागि सम्झौता गरिएको मन्त्रालयले जनाएको छ ।

भारतीय सहयोगमा निर्माणाधीन भैरहवास्थित कन्टेनर डिपो निर्माणको अनुगमन/समीक्षा गरी तोकिएको समयमै निर्माण सम्पन्न गर्नेगरी सहजीकरण गरिएको मन्त्रालयले जनाएको छ ।

नेपालमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र भण्डारण क्षमता अभिवृद्धिका लागि नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेसनबीच मिति गत असोज १७ मा सम्झौता भएको छ । नेपालमा पेट्रोलियम पदार्थको सहज आपूर्ति र भण्डारण क्षमता अभिवृद्धिका लागि भारतको सिलिगुडीदेखि झापाको चारआलीसम्म पाइपलाइन विस्तार र १८ हजार नौ सय किलो लिटर क्षमताको पेट्रोलियम भण्डारण ट्याङ्की भारत सरकारको अनुदान सहयोगमा निर्माण गर्नेसमेत सम्झौता भएको छ ।

त्यसैगरी अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पाइपलाइन भारत सरकारको अनुदान सहयोगमा विस्तार गर्ने र ९१ हजार नौ सय किलो लिटर क्षमताको पेट्रोलियम भण्डारण ट्याङ्की भारत सरकारको प्राविधिक सहयोगमा नेपाल सरकारले निर्माण गर्ने सहमति भएको छ । कञ्चनपुरको दोधारा चाँदनीमा भारतीय सहयोगमा निर्माण हुने सुख्खा बन्दरगाह निर्माणका लागि जग्गा प्रयोग र रुख कटानसम्बन्धी मन्त्रिपरिषद्बाट स्वीकृत प्राप्त भइ निर्माण प्रक्रिया अगाडि बढेको मन्त्रालयले जनाएको छ ।

यसबीचमा उद्योग विभागमा एक सय ९९ वटा नयाँ उद्योग दर्ता भई रु ३३ अर्ब ६८ करोड लगानीको प्रतिबद्धता प्राप्त भएको मन्त्रालयको प्रगति विवरणमा उल्लेख छ । चालु आवमा स्टार्टअप कार्यक्रम सञ्चालन गर्न रु एक अर्व विनियोजन गरिएकामा उक्त कार्यक्रमबाट स्टार्टअप उद्यमीको वित्तीय पहुँच बढाउन पुस मसान्तभित्र कर्जा प्रवाह गर्ने कार्य सम्पन्न गर्ने गरी तयारी अगाडि बढाइएको मन्त्रालयले जनाएको छ ।

लामो अवधिसम्म बन्द तथा रुग्ण अवस्थामा रहेका उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध विभिन्न नौ वटा सार्वजनिक संस्थानको अद्यावधिक स्थिति तयार गरी निजीकरण समितिमा पेस गरिएको छ । विश्व व्यापार सङ्गठनका विज्ञ र नेपालको व्यापार सम्बद्ध मन्त्रालयको सहभागितामा नेपालको राष्ट्रिय व्यापार नीतिको समीक्षा कार्य प्रारम्भ भएको छ ।

## सरकारको सय दिन

# थप एक लाख ५० हजार किसान सूचीकृत

■ प्रभाव संवाददाता

**काठमाडौं –** वर्तमान सरकार गठन भएको एक सय दिनको अवधिमा एक लाख ५० हजार थप किसान सूचीकृत भएका छन् । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार हालसम्म सूचीकृत हुने कृषकको संख्या १९ लाख ३३ हजार पुगेको छ ।

किसान परिचयपत्र वितरणका लागि कार्यविधि स्वीकृतिको प्रक्रियामा रहेको मन्त्रालयले तयार पारेको एक सयदिने प्रगति विवरणमा उल्लेख छ । चालु आर्थिक वर्षका लागि विनियोजन गरिएको बजेटबाट रासायनिक मल आयात गरी बिक्री वितरण गर्न हालसम्म चार लाख ६० हजार 'मेट्रिक टन' मलको 'टेन्डर' सम्पन्न भएको छ । जसमा एक लाख ५५ हजार मेट्रिक टन रासायनिक मल आयात भएको छ । अघिल्लो वर्षको मौज्दातसमेत गरी एक लाख २९ हजार मेट्रिक टन मल बिक्री वितरण भइसकेको छ ।

अनुदानको मल बिक्री वितरण प्रक्रियाको सरलीकरणका लागि व्यवस्थापन निर्देशिका, २०७७ को संशोधन प्रस्ताव सहमतिका लागि अर्थ मन्त्रालय तथा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने तयारी भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

उखु उत्पादक कृषकलाई उखु बिक्री गरी क्रसिङ गराएबापत प्रतिक्विन्टल रु ७० का दरले गत आर्थिक वर्ष २०८१/८२ को रु एक अर्ब ४४ करोड ९२ लाख ३८ हजार प्रोत्साहन अनुदान रकम उपलब्ध गराउन मधेस प्रदेशका आठ जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा भई कृषकलाई भुक्तानी गरिएको छ । बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ स्वीकृत भई कार्यान्वयनमा रहेको छ । यस अवधिमा पशुधन बीमातर्फ ३७ हजार ६ सय ११ र बाली बीमातर्फ तीन सय २३ बीमालेख जारी भएको छ ।

मन्त्रालयस्तरको समितिबाट सहमति प्रदान गरिएको र विभागहरूबाट प्राधिकरणको खातामा निकासा भइसकेको छ । खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्न दुई हजार सात सय ४६ बजार अनुगमन तथा निरीक्षण गरिएको मन्त्रालयले जनाएको छ । भन्सार नाकामा आयात हुने फलफूल तथा तरकारीको १३ हजार ६१ नमूनामा यन्त्र प्रयोग गरी विषादी अवशेष परीक्षण गरिएको छ ।

गत असोज ९ गते कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले गरेको मन्त्रिस्तरीय निर्णयअनुसार दुग्ध विकास संस्थानको पुनर्संरचना एवं व्यावसायिक सुधारको कार्ययोजना बनाउन राष्ट्रिय किसान आयोगका सदस्यसचिवको संयोजकत्वमा आठ सदस्यीय कार्यदल गठन गरी कार्ययोजना तयार भएको छ । नेपाल सरकारले रु ६० करोड सहुलियत पूर्ण कर्जा प्रवाह गरी अधिकांश कृषकको जेठ मसान्तसम्मको दूधको भुक्तानी गरिएको मन्त्रालयले जनाएको छ ।


**Jayaprithvi Municipality**
**Office of The Municipal Executive**
Chainpur, Bajhang

**Invitation for Sealed Quotation**

**Date of publication: 2081/07/06 (Oct. 22, 2024)**
Method of Procurement: Seale Quotatioon , Eligibility Procedure

1. J*ayaprithvi Municipality, Bajhang* invites Electronic bids for following different Works from Nepalese eligible bidders for following works under Sealed Quotation procedures. The estimated amount for the works is given below .
**The Summary of Contractor is given below.**

| S. N. | Contract Identification No: | Description of Work | Estimated Amount (NRS [Excluding VAT] | Bid Security amount | Bid Security Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | JPM-SQ-02-2081/082 | Supply and Delivery of Medicine and Surgical items | 25,00,295 | 67,500 | 75 day | 1000/- |
| 2 | JPM-SQ-03-2081/082 | Supply and Delivery of Office Equipment (Machinary Iteams) | 19,97,688.58 | 54,000 | 75 day | 1000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the *Jayaprithvi Municipality, Office of the Municipal Executive, Chainpur, Bajhang, Email Address: jpmunicipality2014@gmail.com, Contact No: 092421064, 092421508, 9868861828, 9858490254* or may visit PPMO **website www.bolpatra.gov.np.**

| Cash Deposite for Purchase of Bid Document | | Cash Deposite for Bid Security | |
|---|---|---|---|
| Bank | Rastriya Banijya Bank, Bajhang | Bank | Rastriya Banijya Bank, Bajhang |
| Account Number (Antarik rajswo Khata) | 4110100301010004 | Account Number (Dharauti Khata) | 4110100303000004 |
| Office Code | 801077001 | Office Code | 801077001 |
| Revenue Head | 14529 | Revenue Head | |

3. Purchase, Submission and Opening

| Last date of Bid Purchase | | Last Date of Submission | | Bid Opening | |
|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time |
| 2081/7/21 (Nov. 6, 2024) | 12:00 Noon | 2081/7/21 (Nov. 6, 2024) | 12:00 Noon | 2081/7/21 (Nov. 6, 2024) | 14:00 |

**(Chief Administrative Officer)**


# तिहारका लागि फूल तयार



**घोराही (दाङ)–** तिहार नजिकिँदै गर्दा दाङमा सयपत्री फूल ढकमक्क फूलेका छन् । व्यावसायिक रूपमा फूलखेती गर्दै आएका किसानले यति बेला फूल तयार पारिसकेका छन् । अबको केही दिनमा फूल टिपेर माला उन्ने तयारीमा रहेको फूलखेती गर्दै आएका किसान बताउँछन् ।

घोराही उपमहानगरपालिका-१४ झिंगौराका ३९ वर्षीय लोकेन्द्र रोका मगरले सयपत्री फूल तयार पारिसकेका छन् । उनले विगत १२ वर्षदेखि फूलखेती गर्दै आएको बताए । यसवर्ष पनि डेढ बिघा जग्गा भाडामा लिएर फूलखेती गरेको र चाडपर्वमा मात्रै नभइ अन्य समयमा पनि आफूले बारीमा फूल फुलाइरहेको सुनाए । व्यावसायिक रूपमा फूलखेती गरेका उनी यही व्यवसायमा सन्तुष्ट छन् । 'विगत लामो समयदेखि विदेशमा रोजगार गरेर फर्केपछि फूलखेती थालेको हुँ । बाहिरी देशमा कमाएकोभन्दा आफ्नै देशमा फूलखेतीबाटै आम्दानी हुने गरेको छ, अब विदेश नजाने बरु यही व्यवसायलाई अझ बढाउँदै लैजाने सोच छ', रोका मगरले भने । रोजगारीको सिलसिलामा सात वर्ष कतारमा बिताएका रोका मगरले जिल्लामा दसैं तिहारलगायत पर्व एवं अन्य शुभकार्यका लागि फूलको माग देखेपछि फूलखेती थालेका हुन् ।

रोल्पा माडी गाउँपालिका-१ जबाङ दुदिलाबोट स्थायी घर भएका वीरेन्द्र खड्काले पनि घोराही उपमहानगरपालिका-१४ झिंगौरामै व्यावसायिक फूलखेती गर्दै आएका छन् । उनले यसवर्ष दुई बिघा बढी जग्गा भाडामा लिएर फूलखेती गरेका छन् । विगत चार/पाँच वर्षदेखि फूलखेती गर्दै आएका छन् । २६ वर्षीय उनले बालिविज्ञान विषयमा तीनवर्षे डिप्लोमा तह (आइएस्सीएजी) अध्ययन गरेका छन् । गत वर्ष तिहारको समयमा रु सात लाख बढीको फूल बेचेर आम्दानी गरेका उनले यस वर्षको तिहारका लागि पनि फूल फुलाइसकेका छन् ।

यस्तै, घोराही उपमहानगरपालिका-१३ डुम्मर गाउँका इन्द्रा बुढाको बारीमा पनि यतिबेला फूल फुलेर ढकमक्क भएका छन् । यसवर्ष उनले १० कठ्ठा जग्गामा फूलको व्यावसायिक खेती गरेकी छिन् । बुढाले विगत आठ वर्षदेखि व्यावसायिक फूलखेती गर्दै आएको बताइन् । 'विगत आठ वर्षदेखि यही खेती गरिरहेको छु । विशेषगरी तिहार चाडपर्वको बेला बढी माग हुन्छ', उनले भनिन्, 'यसपटक पनि माग आउन थालिसक्यो । अबको केही दिनमा फूल टिपेर माला बनाउन सुरु गर्छौं ।'

### प्लास्टिकजन्य माला विस्थापित

तिहारको अवसरमा दाङको लमही नगरपालिकाले प्लास्टिकजन्य मालाको प्रयोगलाई निषेध गर्ने भएको छ । स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न नगरपालिकाले पालिकाभित्र रहेका पुष्प व्यावसायिकले उत्पादन गरेको सयपत्री फूलको माला प्रयोग गर्न आग्रह पनि गरेको छ ।

लमही नगरपालिकाभित्र विभिन्न पाँचजना व्यवसायीले सयपत्री फूलको व्यावसायिक खेती गर्दै आएका छन् । लमही नगरपालिकाको- ३, ५ र ६ मा गरी कूल २२ कठ्ठा १५ धुर क्षेत्रफलमा सयपत्री फूलको व्यावसायिक खेती गरिएको कृषि शाखाले जानकारी दिएको छ । *रासस*


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय**
**सडक डिभिजन पोखरा**
कास्की

**बोलपत्र स्वीकृतिको लागि आशयको सूचना**

**प्रकाशित मिति २०८१/०७/०६**

मिति २०८१/०५/२३ मा अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिका तथा **www.bolpatra.gov.np** मा प्रथम पटक प्रकाशित सूचना नं. ०९-२०८१/०८२ को सूचनामा उल्लेखित अन्तिम म्याद मिति २०८१/०६/२२ गते भित्र पर्न आएका बोलपत्रहरुको (E-submission) को आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (३) को प्रयाजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना सम्बन्धीत सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount including VAT & PS NRs |
|---|---|---|---|---|
| 1. | RDPKR/33701169/081/82-34 | DBST Works on Chauthe Chamere Ghat-Bhagbati Chautara Sisukalyan-t Thati Bhangyanj Barpauwa-Suraudi Sadak. (suraudi khola to barpauwa Section), Kaski | M/S Gud Engineering Services Pvt.Ltd, Pokhara-08 Kaski | 1,27,34,070.83 |
| 2. | RDPKR/33701136/81/82-35 | Bus Bay Construction along Pokhara Urban Roads (SURN ) | M/S Tika nirman sewa, Aandhikhola Syangja | 1,07,49,802.46 |
| 3. | RDPKR/33701169/081/82-36 | Rigid Pavement and Side Drain Works along Kaseri - Bijayapur Khola Section of Aarba Mijure Road,Pokhara-13, Kaski | M/S Jigme Construction Pvt.Ltd, Tokha-09 Kathmandu | 63,90,469.70 |
| 4. | RDPKR/33701169/081/82-37 | Rigid Pavement, Side Drain and Retaining Structure Works Along Banau Deurali Dadakhor Lasti Road, Parbat | M/S Jigme Construction Pvt.Ltd, Tokha-09 Kathmandu | 64,81,779.85 |
| 5. | RDPKR/33701169/081/82-38 | Road Improvement Works on Mirdi Bhimad Sadak Khandako Mirdi Jagatbhanjyang Darsing Kyagmi Sadak, Syangja | M/S Kunti Nirman Sewa, Walling -8 Syangja | 61,89,271.68 |

**डिभिजन प्रमुख**


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ